

# खपको पहिचान

## कक्षा ८



## स्थानीय पाठ्यक्रम

**भक्तपुर नगरपालिका**

स्थानीय पाठ्यक्रम (परिमार्जित)

२०८२



भजन



जंक्व (भीमरथारोहण)

भक्तपुर नगरपालिका

# स्थानीय पाठ्यक्रम (परिमार्जित)

२०८२

# खपको पहिचान

## आधारभूत शिक्षा

## कक्षा ८

**प्रस्तुतकर्ता**

स्थानीय पाठ्यक्रम निर्माण तथा परिमार्जन कार्यदल :

१. योगेन्द्रमान बिजुक्छें

२. सिद्धिरत्न शाक्य

३. उद्धव सुजखु

४. रोशनराज तुइतुईं

५. राजेन्द्रप्रसाद श्रेष्ठ

**प्रकाशक**
भक्तपुर नगरपालिका
नगर कार्यपालिका
भक्तपुर

**ले–आउट**
दत्तात्रय डिजाइन एण्ड प्रि–प्रेस
भक्तपुर, ९८४९६८४८०१

**सर्वाधिकार © : प्रकाशकमा निहित**

दोस्रो संस्करण : वि.सं. २०८२
प्रथम संस्करण : वि.सं. २०७७

**मुद्रण**
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

कभर फोटो : बुरांज्या संस्कार

| क्षेत्र | शीर्षक | पृष्ठ |
| --- | --- | --- |
| क्षेत्र १ | ख्वपको चिनारी | १ |
| क्षेत्र २ | ख्वपको इतिहास | ३ |
| | (क) नेपालमण्डलको इतिहास | ३ |
| | (ख) मध्यकालको अन्त र आधुनिक कालको सुरुआत | ५ |
| क्षेत्र ३ | स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या | ९ |
| | (क) ख्वपमा पाइने थरहरू | ९ |
| | (ख) स्थानीय जातजाति (समुदाय)हरूको जनसाङ्ख्यिक बनावट | ११ |
| | (ग) स्थानीय विशिष्ट व्यक्तित्वहरू | १३ |
| क्षेत्र ४ | स्थानीय बोलीचाली र लिपि | १४ |
| | (क) स्थानीय बोलीचालीमा महिना, पूर्णिमा, चतुर्दशी तिथिका नामहरू | १४ |
| | (ख) स्थानीय भाषा (नेपालभाषा) मा कुराकानी | १६ |
| | (ग) रञ्जना लिपि र प्रचलित लिपि | १७ |
| | (घ) तामाङ भाषामा सामान्य कुराकानी | २० |
| क्षेत्र ५ | व्यावहारिक तथा जीवनोपयोगी शिक्षा | २३ |
| क्षेत्र ६ | स्थानीय विविध संस्कृति | २६ |
| | (क) बुरांज्या | २६ |
| | (ख) गुरु पूर्णिमा | २८ |
| | (ग) भ्व भ्वय्: | ३० |
| क्षेत्र ७ | प्रचलित स्थानीय संस्कार | ३३ |
| | (क) मूर्त र अमूर्त सांस्कृतिक सम्पदा | ३५ |
| | (ख) दिगु पूजा (देवाली पूजा) | ३५ |
| क्षेत्र ८ | स्थानीय कला र सम्पदाहरू | ३८ |
| | (क) स्थानीय मन्दिरहरू | ३८ |
| | (ख) स्थानीय पोखरीहरू (पुखु) | ४० |
| | (ग) नगर प्रवेश गर्ने ध्वाकाहरू (ढोकाहरू) | ४१ |
| | (घ) स्थानीय चित्रकला | ४२ |
| | (ङ) स्थानीय मूर्तिकला | ४२ |
| | (च) स्थानीय गीत सङ्गीत | ४३ |
| | (छ) स्थानीय नाचहरू | ४४ |
| | (ज) स्थानीय बाजा | ४४ |
| | (झ) ख्याल | ४६ |
| क्षेत्र ९ | स्थानीय व्यवसाय, सीप र प्रविधि | ४७ |
| | (क) तेल पेल्ने पेशा र परम्परागत चिउरा कुट्ने पेशा | ४७ |
| | (ख) खेर गएका सामग्रीबाट उपयोगी सामग्री निर्माण | ४८ |
| | (ग) कों | ४८ |
| | (घ) लोप हुन लागेको स्थानीय वेशभूषाहरू | ४९ |

| | | |
|---|---|---|
| | (ङ) परालका सामग्रीहरू | ४९ |
| | (च) बुनाइ | ५० |
| | (छ) माटोबाट बन्ने सामग्री | ५० |
| | (ज) नेवारी खाद्य परिकार | ५० |
| क्षेत्र १० | स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि | ५२ |
| | (क) स्थानीय कीटनाशक औषधि | ५२ |
| | (ख) परम्परागत भोज | ५२ |
| | (ग) सुत्केरी स्याहार विधि | ५३ |
| क्षेत्र ११ | स्थानीय खेल | ५४ |
| क्षेत्र १२ | स्थानीय पर्यटन | ५५ |
| निरन्तर मूल्यांकन प्रणाली | | ५६ |

भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
ब्यासी, भक्तपुर
BYASI, BHAKTAPUR
बागमती प्रदेश, नेपाल


पत्र संख्या : ९६२ मितिः- २०८२।५।१२
चलानी नं. : २५२

# नगर प्रमुखको भनाइ

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकारअनुसार वि.सं २०७५ सालदेखि २०७८ सालसम्म प्रत्येक वर्ष दुई दुई वटा कक्षाहरूको पाठ्यक्रम तयार गरी चार वर्षमा कक्षा १ देखि ८ सम्म नगरका ९२ वटै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागु गऱ्यौं । स्थानीय पाठ्यक्रममार्फत नयाँ पुस्ताका बालबालिकाहरूलाई भक्तपुरको विशेषता र पहिचानकाबारे अवगत गराउने हाम्रो उद्देश्य हो । भक्तपुर नगर प्राकृतिक रूपमा धनी नभए पनि आफ्नै मौलिक संस्कृति, सम्पदा, परम्परागत ज्ञान, सीप र सभ्यतामा अब्बल छ ।

पाठ्यक्रम लागु भएको विगतका केही वर्षमा प्रत्यक्ष अनुभव हुनेगरी विद्यालयमा पढ्ने बालबालिकाहरूमा आफ्ना संस्कृति, सम्पदा र परम्पराकाबारेमा चासो बढेको र यसलाई आत्मसात गर्न थालेको कुरा गत वर्ष मंसिर २८ गतेदेखि पुस २ गतेसम्म सम्पन्न पाँच दिने भक्तपुर महोत्सवले पनि पुष्टि गरिसकेको छ । जन्मदेखि मृत्यु पर्यन्त नेवारी संस्कारगत क्रियाकलापको प्रदर्शनीमा विद्यालयमा पढ्ने बालबालिकाको सहभागिताले यसलाई पुष्टि गर्‍यो । हाम्रो आफ्नै सम्पदा र जीवनशैलीका बारेमा उनीहरूमा थप कौतुहलता स्थानीय पाठ्यक्रमको पठनपाठनले जगाईदिएको छ । विभिन्न अन्य पालिकहरू पनि हाम्रो यस प्रयासका बारेमा चासो राख्दै स्थानीय पाठ्यक्रम निर्माण गर्न उत्साहित भए । यसमा हामी सबै खुशी छौं ।

समय समयमा पाठ्यक्रमलाई परिमार्जन पनि गनुपर्ने मान्यताअनुसार विभिन्न सुझावहरू पनि हामीले प्राप्त गर्‍यौं । ती सुझावलाई केलाउँदै हामीले पाठ्यक्रम निर्माण कार्यदलका साथीहरूसंग निरन्तर छलफल पनि गर्‍यौं र आवश्यक परिमार्जनका लागि सोही कार्यदललाई परिमार्जनका लागि पहल गर्न जिम्मेवारी दियौं । करिब ९ महिनाको निरन्तर प्रयासमा कार्यदलले हामीलाई परिमार्जित पाठ्यक्रमको मस्यौदा बुझायो र त्यसमा आवश्यक छलफल र पृष्ठपोषणसहित हामीले यसलाई अन्तिम चरणमा पुऱ्यायौं । परिमार्जन गर्ने कार्यदलका साथीहरु, स्थानीय पाठ्यक्रम अध्यापन गराउने शिक्षकहरू तथा लागु गर्न सहजीकरण गर्ने सबै प्रधानाध्यपकहरूमा भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद र कृतज्ञता ज्ञापन गर्दछौं । पहिलेका वर्षहरूमा जस्तै यसको पठन-पाठनलाई अझ व्यवस्थित रुपमा अगाडि लैजान सबै सरोकारवालाहरुले आआफ्नो स्थानमा रहेर सकारात्मक भूमिका खेल्नुहुनेछ भन्ने आशा गर्दछौं ।

२०८२।५।१२

सुनिल प्रजापति

प्रमुख


प्रमुखः ६६१००९६, उपप्रमुखः ६६२०६७०, प्रशासन शाखाः ६६१३९५७, प्रमुख प्रशासकीय अधिकृतः ६६१००७६, लेखा शाखाः ६६१२७२१, योजना शाखाः ६६१४८१३
ईमेल :- info@bhaktapurmun.gov.np, bhaktapurmuni@gmail.com, वेभसाईट :- www.bhaktapurmun.gov.np

# हाम्रो भनाइ

पाठ्यक्रम निर्माणको प्रक्रियामा पाँच वर्षमा परिमार्जन र दश वर्ष पश्चात् परिवर्तन गरिनुपर्ने मान्यता रहिआएको छ। भक्तपुर नगरपालिकाद्वारा निर्मित यस स्थानीय पाठ्यक्रम 'ख्वपको पहिचान' निर्माणको शुरुवातको वर्ष वि.सं. २०७५ थियो। सो वर्ष कक्षा १ र ६ को, दोस्रो वर्ष २०७६ मा कक्षा २ र ७, तेश्रो वर्ष २०७७ मा कक्षा ३ र ८ तथा चौँथो वर्ष २०७८ मा कक्षा ४ र ५ को पाठ्यक्रम तयार गरी सो चौँथो वर्षमा कक्षा १ देखि ८ सम्म पूर्ण लागुसमेत भएको सर्वविदितै छ। पाठ्यक्रम निर्माणको पहिलो वर्ष २०७५ सालबाट गणना गर्दा पाठ्यक्रम लागु भएको ७ वर्ष तथा चौँथो वर्ष २०७८ बाट गणना गर्दा ४ वर्ष पूरा भइसकेको देखिन्छ।

स्थानीय पाठ्यक्रम लागु भएको वर्षदेखि नै पाठ्यक्रमका विविध पक्षका बारेमा निर्माण कार्यदलले पनि निरन्तर अध्ययन गर्दै आयौँ। अपेक्षा अनुसार परिमार्जन गर्दा ध्यान दिनुपर्ने विभिन्न विषय तथा सुझावहरु समेत निरन्तर प्राप्त गर्दै आयौँ। विशेषतः कक्षामा पढाउने शिक्षकहरुबाट पाठ्यक्रममा गरिनुपर्ने सुधारका बारेमा गहकिलो सुझावहरु प्राप्त भयो। देशभरिमा नै पालिकास्तरमा पहिलोपल्ट लागु भएको स्थानीय पाठ्यक्रको पठनपाठन कसरी भइरहेको छ भन्ने बारेमा नगरपालिका स्वयं पनि चनाखो रह्यो। पठनपाठन सहज होस् भन्ने उद्देश्यले नगरपालिकाले दुई विज्ञहरुलाई कक्षा अवलोकन र अनुगमनको व्यवस्था पनि गऱ्यो।

पाठ्यक्रम लागु भएको २/३ वर्षमै आफ्ना नानीहरुले स्थानीय सम्पदा र संस्कृति सम्बन्धी चासो राख्न थालेका कुराहरुलाई धेरै अभिभावक, जनप्रतिनिधि तथा शिक्षकहरुले सकारात्मक रुपमा लिएको बुझियो। यसका साथै नैतिक शिक्षा तथा व्यवहारजन्य सीप र ज्ञानका बारेमा पनि पाठ्यक्रममा समावेश गरिनुपर्ने सुझाव निरन्तर आइरह्यो। कुनै विषयवस्तुहरु तल्लो कक्षाबाट माथिल्लो कक्षामा राखिनुपर्ने र कुनै माथिल्लोबाट तल्लो कक्षामा लैजानुपर्नेदेखि लिएर पाठ्यपुस्तकको व्यवस्था गरिए पठन–पाठन सहज हुने सुझावहरु निरन्तर प्राप्त भइरह्यो। यी यावत् सल्लाह र सुझावहरुलाई कार्यदलले नगरपालिकको शिक्षा समितिमा जानकारी गरायो। शिक्षा समितिले यस विषयमा आवश्यक छलफल गरी पाठ्यक्रम परिमार्जनका लागि निर्माण कार्यदललाई नै जिम्मा लगायो।

पाठ्यक्रम परिमार्जनका प्रक्रियाहरुको मान्यतालाई अनुसरण गर्दै पाठ्यक्रमले लिएका उद्देश्य अनुरुप विद्यार्थीहरुले ख्वपका बारे हासिल गरेका आधारभूत ज्ञानको तह थाहा पाउन कार्यदलले विगत ५/६ वर्षदेखि स्थानीय पाठ्यक्रमको अध्ययन गरेका आठ कक्षाका विद्यार्थीहरुमध्ये करिब २५ प्रतिशतलाई उपलब्धि परीक्षण (Achievement Test) २०८१ पुस महिनामा सम्पन्न गरी प्राप्त तथ्यहरुको विश्लेषण गरियो। साथै, सो विश्लेषणलाई नगरपालिका शिक्षा समिति, पाठ्यक्रम अध्यापन गराउने शिक्षकहरु, जनप्रतिनिधिहरु तथा अन्य सरोकारवालाहरु माझ प्रस्तुत गरी छुट्टाछुट्टै छलफल तथा परामर्श बैठकहरु गरी सुझाव सङ्कलनसमेत गरियो। यी नै सुझावहरुका आधारमा फागुन/चैत्र देखि परिमार्जन कार्यलाई सघन रुपमा अगाडि बढाइयो र परिमार्जित पाठ्यक्रमको पहिलो मस्यौदा नगरपालिकालाई श्रावण महिनामा बुझाइयो। नगर कार्यपालिकाबाट परिमार्जित पाठ्यक्रम सुझावसहित श्रावण महिनामै अनुमोदन भयो।

परिमार्जित पाठ्यक्रमका विशेषताका बारेमा भन्नुपर्दा 'व्यावहारिक तथा शील स्वभावजन्य शिक्षा' नामक नयाँ एकाइ थप गरी १२ एकाइ पुऱ्याइएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७८ अनुरुप कक्षा १ देखि ३ सम्म परिवर्तित निरन्तर मूल्याङ्कन (CAS) प्रणाली तथा कक्षा ४ देखि ८ सम्म ५० प्रतिशत सैद्धान्तिक र ५० प्रतिशत प्रयोगात्मकको व्यवस्था गरिएको छ।

वागमती प्रदेशले नेपालभाषा र तामाङ्ग भाषालाई सरकारी कामकाजी भाषाको मान्यतासमेत दिइसकेको तथा ख्वपका विद्यालय र कलेजहरुमा तामाङ्ग भाषाभाषी विद्यार्थीहरुको सङ्ख्या बढ्दै गएको तथ्यलाई मनन गरी स्थानीय केटाकेटीहरुले पनि तामाङ्ग भाषाका सामान्य बोलीचालीका शब्द र वाक्यहरु सिकून् भन्ने उद्देश्यले कक्षा ६ देखि ८ सम्म चौँथो एकाइमा स्थानीय नेपालभाषासँगै तामाङ्ग भाषालाई पनि समावेश गरिएको छ। कक्षा १ देखि ८ सम्मका पाठ्यभार तथा मूल्याङ्कन ढाँचा लेटर ग्रेडिङ पद्धति २०७८ अनुसार मिलाइएको छ। पाठ्यक्रमको आधारमा पठनपाठन गर्न सहज बनाउन परिमार्जित पाठ्यक्रममा सम्भावित शिक्षण सिकाइलाई केही विस्तृत बनाइएको छ भने नयाँ सन्दर्भ सामग्री भाग ४ र ५ को प्रकाशन तथा भक्तपुर नगरपालिकाको मासिक प्रकाशन भक्तपुर मासिकमा छापिएका विभिन्न आलेखहरुको सङ्ग्रहसमेत छुट्टै प्रकाशनले शिक्षकहरुलाई पर्याप्त सन्दर्भ सामाग्री उपलब्ध हुने विश्वास लिएका छौं।

अन्तमा, पाठ्यक्रम परिमार्जनको कार्यमा सहयोग गर्नुहुने शिक्षकहरु, जनप्रतिनिधिहरु लगायतका अन्य सरोकारवालाहरुलाई परिमार्जन कार्यदल हार्दिक कृतज्ञता ज्ञापन गर्दछ। सन्दर्भ सामाग्रीका लागि पाठ्यक्रमसँग सम्बन्धित विविध विषयहरुमा आलेखहरु लेखी सहयोग गर्नुहुने सबै विद्वत वर्गहरु, तामाङ भाषाको लागि सहयोग गर्नुहुने शिक्षक राजु तामाङ र आलेख सङ्कलन र टाइपिङ्ग गरी यस कार्यमा सहयोग गर्नुहुने नगरपालिकाका कर्मचारीहरु, लेआउट डिजाइनमा सहयोग गर्नुहुने रश्मी खागी, कार्यदलको सचिवालयको लागि स्थान उपलब्ध गराई कम्प्युटर, प्रिन्टर, छपाइ तथा मसलन्द सामग्रीको व्यवस्था र अन्य आवश्यक सहयोग गर्नुभएकोमा विद्यार्थी निकेतन मा.वि. तथा शारदा मा.वि.लगायत सबैमा साधुवाद।

स्थानीय पाठ्यक्रम परिमार्जन कार्यदल
भक्तपुर नगरपालिका
श्रावण, २०८२

# भूमिका
# (पहिलो संस्करण २०७७)

भक्तपुर नगरपालिकाको पहलमा स्थानीय पाठ्यक्रम तयार गरी नगरभित्रका ९२ ओटै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागु गरेको पनि तीन बर्ष भइसकोछ । पहिलो बर्ष २०७५ सालमा कक्षा १ र ६, दोस्रो बर्ष २०७६ मा कक्षा २ र ७ र तेस्रो बर्ष अथवा यस २०७७ मा कक्षा ३ र ८ गरी जम्मा ६ ओटा कक्षाहरूमा स्थानीय पाठ्यक्रमको पढाइ हुँदैछ । अर्को बर्ष २०७८ मा कक्षाहरू ४ र ५ मा थप हुँदै सम्पूर्ण आधारभूत तहका कक्षाहरू १ देखि ८ सम्म लागु भइसक्नेछ ।

यस बर्ष लागु हुने कक्षा ३ र ८ को स्थानीय पाठ्यक्रमको निमार्ण पनि 'राष्ट्रिय पाठ्यक्रम प्रारुप – २०७६' कै संरचनाभित्र रहेर तयार गरिएको छ । कक्षा ३ र ८ मा पनि अघिलो कक्षाहरुका ११ ओटै एकाइहरूका बिषयवस्तुहरू समावेश गरिएकोछ । यद्यपि, पुरानो परम्परा, संस्कृति र संस्कारहरूलाई अलौकिक धरातल तथा मिथकीय आधारमा मात्र बुझ्नेभन्दा पनि त्यसमा अन्तरनिहित बैज्ञानिक तथ्यहरूलाई पनि क्रमशः उजागर गर्ने प्रयाश गरिएकोछ । साथै, संस्कृति भन्नाले मठ–मन्दिर, पाटि–पौवा तथा इनार र ढुङ्गेधारा जस्ता मूर्त साँस्कृतिक सम्पदालाईमात्र बुझ्ने नगरियोस् भन्ने उद्देश्यले विश्व परिवेशमै अमूर्त संस्कृतिहरू संरक्षण गर्न अझ चुनौतिपूर्ण रहेको युनेस्कोको समेत चिन्ता र चासो रहेको र हाम्रा अमूर्त साँस्कृतिक सम्पदाहरू समेत यस अपवादमा नरहेकाले मूर्त र अमूर्त सांस्कृति सम्पदाको भेदका बारेमा थप जानकारी दिने उद्देश्यले यस पक्षलाई पनि जोड दिइएकोछ ।

सीमान्तकृत, निमुखा, आदिवासी तथा अल्पसंख्यक जनताहरुको संस्कृति, धर्म, परम्परा, इतिहास, रैथाने ज्ञान, सम्पदा तथा अन्य पहिचानसँग सरोकार राख्ने कुराहरुलाई केन्द्रीय शासकहरुले जहिले पनि ओझेलमा पार्दै त्यसको अस्तित्वनै निमित्यान पार्ने कार्य संसारमा जहाँपनि गर्ने गरिएको छ । यो शन्दर्भमा आधुनिक नेपालका हाम्रा शासकहरू संसारका अरू शासकहरूभन्दा फरक देखिएनन् । त्यसैले संसारभर हिजोको यूरोप केन्द्रित इतिहासलाई नै पुनरलेखन गर्नुपर्ने बहस चलिरहेको छ । यहि आलोकमा सिङ्गो नेपालको इतिहास बुझ्न नेपालमण्डलको इतिहास र यसको केन्द्रमा रहेको स्वनिगः को सभ्यता (बागमती सभ्यता) को उद्भव र विकासका बारेमा नयाँ पिढीलाई जानकारी गराइएन भने यस स्थानीय पाठ्यक्रमको उद्देश्य नै अधुरो हुने सम्भावना रहेकोले स्वनिगः सभ्यताको परिचयलाई पनि समावेश गरिएकोछ । साथै, इतिहासको अति महत्वपूर्ण मध्यकालका विभिन्न कालखण्डहरूमा भक्तपुरको राजनैतिक, सामाजिक, आर्थिक र साँस्कृतिक अवस्था र ६२ /६३ को गणतन्त्र सम्मको यात्रामा भक्तपुरले खेलेको राजनैतिक, सामाजिक, आर्थिक र साँस्कृतिक आन्दोलनहरुको समेत अवस्था र नेपालकै इतिहासमा यसको स्थान समेत ओझेलमा परिरहेको अवस्थालाई मनन गरी बिशेषगरी कक्षा ८ मा यी कुराहरू समावेस गरिएको छ ।

सिकाइ मूल्याङ्कनको हकमा पचास प्रतिशत सैद्धान्तिक र पचास प्रतिशत प्रयोगात्मकको ब्यबस्था अघिल्लो कक्षाहरुमा जस्तै यस तहमा पनि निरन्तरता दिइएकोछ । तर प्रयोगात्मक मूल्याङ्कनलाई अझ विश्वसनीय बनाउन अध्यापन गराउने शिक्षकको साथै विद्यालयको प्रधानाध्यापक र छिमेकी विद्यालयको शिक्षकलाई समेत केहि जिम्मेवारी दिई मूल्याङ्कन प्रक्रियामा सहभागी गराउने नयाँ ढाँचालाई प्रयोग गरिएको छ ।

विगत दुई बर्षको अनुभवमा बिना पाठ्यपुस्तक स्थानीय पाठ्यक्रमको अध्ययन अध्यापन साह्रै कठिन भयो भन्ने शिक्षकहरुको गुनासो र अपठ्यारालाई मनन गरी पठन पाठनमा सहजीकरण होस् भन्ने उद्देश्यले यसै बर्ष 'ख्वप पहिचान' नामक स्थानीय पाठ्यक्रम–सन्दर्भ सामाग्री भाग –१ को पनि प्रकाशन गरी नगरपालिकाले विद्यालय र सम्बन्धित शिक्षकहरुमा पु–याइसकेको छ । तर कोभिड–१९ को महाब्याधिले विश्वभर फैलिइको विपदले यसपालिको पठनपाठनलाई नराम्ररी धक्का दिएको छ । भोलिका दिनहरूमा स्थिति सामान्य हुने अवस्थामा स्थानीय पाठ्यक्रमको पठनपाठन लगायत अन्य कुराहरुको पनि सहज हुने विश्वाश भने लिनै पर्नेहुन्छ । पाठ्यक्रम निर्माणको क्रममा अमूल्य सुझाव दिनुहुने नपाका प्रमुखज्यू, इतिहास, संस्कृति, संस्कारका विज्ञ अध्ययताहरु, प्रेसका साथीहरू तथा भाषा सम्पादन गरी सहयोग गर्नुहुने सबै सहयोगीहरूलाई कार्यदल हार्दिक आभार ब्यक्त गर्दछ । साथै, कक्षा ३ र ८ को यस स्थानीय पाठ्यक्रम पनि केहि त्रुटी वा कमजोरीहरू छन् भने सकारात्मक सुझावले अर्को प्रकाशनमा सच्याउन साथ दिनुहोला भनि बिनम्र आग्रह गर्दछौं ।

स्थानीय पाठ्यक्रम निर्माण कार्यदल
भक्तपुर नगरपालिका
**२०७७**

# स्थानीय पाठ्यक्रम

पाठ्यक्रम शीर्षक : ख्वपको पहिचान
पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक
तह : आधारभूत शिक्षा तह

पूर्णाङ्क : १००
उत्तीर्णाङ्क :
प्रतिहप्ता पाठघण्टी : ४ जम्मा पाठघण्टी : १२८

## पाठ्यक्रम परिचय

स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र स्थानीय महानुभावहरूको राय सुझाबअनुसार स्थानीय विषयवस्तुहरू समावेशगरी स्थानीय पाठ्यक्रमको निर्माण गरिएको छ । यस पाठ्यक्रमबाट भक्तपुर नगरका कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूलाई आफ्नो पुस्तौंदेखि बस्दै आएको स्थानको विभिन्न पक्षहरूको ज्ञान, सीप र धारणा दिने हिसाबले "ख्वपको पहिचान" नामकरण गरी तयार पारिएको छ । ख्वपको पहिचान पूर्ण रूपमा हुन सकोस भन्ने लक्ष्य लिई यस अन्तर्गत एकाइका विभिन्न क्षेत्रहरू: ख्वपको नामकरण र भू–बनौट, ख्वपको इतिहास, स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या, तामाङ भाषा, व्यावहारिक र जीवनोपयोगी सीप, स्थानीय विविध संस्कृति, प्रचलित स्थानीय संस्कारहरू, स्थानीय बोलीचाली र लिपि, स्थानीय कला र सम्पदा, स्थानीय व्यवसाय, सीप र प्रविधि र पर्यटन समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । प्रत्येक क्षेत्रमा समावेश गरीएका पाठ शीर्षकहरूलाई कक्षा १ बाट कक्षा ८ सम्म आठ शैक्षिक वर्षभित्र शिक्षण सिकाई गराई आफ्नो स्थानमा रहेको विविध पक्षहरूको राम्रो पहिचान गराउने प्रयास गरिएको छ । यसमा परम्परागत शिक्षण विधि भन्दा बालकेन्द्रित शिक्षण सिकाई क्रियाकलापमा जोड दिई सैद्धान्तिक पक्षमा भन्दा व्यावहारिक पक्षलाई बढी जोड दिने प्रयास गरिएको छ ।

## साधारण उद्देश्य

यस पाठ्यक्रममा उल्लिखित सबै क्षेत्रहरूको शिक्षण सिकाइ पछि विद्यार्थीहरूमा निम्नलिखित कुराहरू (स्थानीय पक्षहरू) मा सक्षम हुनेछन् :

१) ख्वपको नामकरण र भू–बनौटबारे व्याख्या गर्न ।
२) ख्वपको इतिहासको वर्णन गर्न ।
३) स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या प्रस्तुत गर्न ।
४) दैनिक जीवनमा व्यावहारिक तथा जीवनोपयोगी सीपहरु प्रयोग गर्न ।
५) स्थानीय प्रचलित विविध संस्कृतिको वर्णन गर्न ।
६) प्रचलित स्थानीय संस्कारहरूको महत्व बताउन ।
७) प्रचलित विभिन्न स्थानीय बोलीचाली प्रयोग गर्न र प्रचलित लिपि र रञ्जना लिपि चिन्न र तामाङ भाषाबाट आफ्नो परिचय दिन ।
८) स्थानीय कला र सम्पदा पहिचान गर्न ।
९) स्थानीय व्यवसाय, सीप र प्रविधिको पहिचान गर्न ।
१०) स्थानीय परम्परागत उपचार विधि प्रयोगमा ल्याउन ।
११) परम्परागत स्थानीय खेलहरू खेल्न ।
१२) पर्यटन व्यवसायलाई विकास गर्न आवश्यक आधारहरू तयार गर्न ।

# स्थानीय पाठ्यक्रम

शीर्षक : ख्वपको पहिचान | पूर्णाङ्क : १००
पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक | प्रतिहप्ता पाठघण्टी : ४
कक्षा : आठ | जम्मा पाठ घण्टी : १२८

## परिचय

प्रस्तुत पाठ्यक्रम आधारभूत तह (कक्षा १–८) को कक्षा ८ को लागि तयार गरिएको स्थानीय पाठ्यक्रमको एक अंश हो । यसमा राष्ट्रिय पाठ्यक्रमले नसमेटिएका स्थानीय विषयवस्तुहरू उल्लेख गरिएको छ । यस पाठ्यक्रममा रहेका विषयवस्तुहरूले भक्तपुर नगरको पहिचान तथा यहाँको कलासांस्कृतिको जानकारीको साथसाथै स्थानीय स्तरका विभिन्न पक्षहरूको ज्ञान सीप र धारणाको विकास गराई आफू भक्तपुर नगर भित्र रहकोमा गर्व भएको महसुस गराउँछ ।

यस पाठ्यक्रममा ख्वपको उत्पत्ति, ख्वप नामकरणको कारण, नेवार जातिका विभिन्न थरहरू र केही विशिष्ट व्यक्तित्वहरू, साइबर अपराध, एक विद्यालय एक सम्पदा, स्थानीय संस्कृति, बोलीचाली र नेवारी लिपि, स्थानीय मन्दिर, विहार, पोखरी, ढुङ्गेधारा, चित्रकला, वास्तुकला, मूर्तिकला, कृषिजन्य र गैर कृषिजन्य पेशाहरू, लोकप्रिय दही बनाउने प्रविधिसमेतलाई समेटिएको छ । साथै स्थानीय जडीबुटी र उपचार विधिलगायत केही स्थानीय खेल र पर्यटन व्यवसाय विकास गर्न आवश्यक वातावरणसम्बन्धी जानकारी गराउने प्रयास गरिएको छ । यस पाठ्यांशमा परम्परागत शिक्षण विधिभन्दा सिकारू केन्द्रित विधिमा जोड दिइएको छ ।

यस पाठ्यांशको शिक्षण सिकाइ क्रियाकलापपछि विद्यार्थीहरू निम्नलिखित कार्यमा सक्षम हुनेछन् :

## कक्षागत सिकाइ उपलब्धिहरू

कक्षा आठको अध्ययन पूरा गरेपछि ख्वपको पहिचान विषयमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१. स्वःनिगको उत्पत्तिबारे भौगर्भिक तथा वैज्ञानिक तथ्य बताउन ।
२. स्वःनिगका प्रमुख नदी, श्रृङ्खलाहरू, मौसम र ऋतुहरूबारे बताउन ।
३. स्वःनिगको मानव सभ्यतालाई बाग्मती सभ्यताको रुपमा प्रस्तुत गर्न ।
४. ऐतिहासिक कालदेखि पूर्व लिच्छवीकालसम्मको स्वःनिगको इतिहासबारे वर्णन गर्न ।
५. नेपालको इतिहासिकमा ख्वप देको आर्थिक, राजनैतिक, सामाजिक र सांस्कृतिक–शैक्षिक अवस्थाको वर्णन गर्न ।
६. नेपालका शासकहरूले नेपालमण्डलको इतिहासलाई नजरअन्दान गर्दै आएका तथ्य बताउन ।
७. आधुनिक नेपालको इतिहासमा ख्वप देका जनताले विभिन्न पक्षहरूमा खेलेको भूमिकाबारे व्याख्या गर्न ।
८. वडागत जातजातिको जनसाङ्ख्यिक विवरण तयार गर्न ।
९. वडागत जनसाङ्ख्यिक बनावटमा परिवर्तन, त्यसको प्रभाव र नियन्त्रणका उपायहरू बताउन ।
१०. ख्वपका विशिष्ट व्यक्तित्वहरूको परिचय दिन ।
११. दैनिक जीवनमा आइपर्ने सामान्य कानुनहरु बताउन ।
१२. आफ्नो अधिकार, दायित्व र कर्तव्य बुझ्न ।
१३. सामाजिक सञ्जालको सकारात्मक र नकारात्मक विषयहरु प्रस्तुत गर्न ।
१४. पारिस्थितिक प्रणालीबारे वर्णन गर्न ।
१५. वर्षभरिका महिनाका दिनहरूलाई तिथिको रुपमा प्रस्तुत गर्न ।
१६. होटल लजमा जाँदा स्थानीय भाषामा कुराकानी गर्न ।
१७. प्रचलित र रञ्जना लिपिको प्रयोग गर्न ।
१८. तामाङ भाषाबाट कुनै ठाउँमा पुग्नको लागि दिशानिर्देश गर्न ।

१९. स्थानीय मन्दिर र पोखरीहरूको परिचय दिई तिनको धार्मिक सांस्कृतिक, सामाजिक तथा बैज्ञानिक पक्षका बारेमा वर्णन गर्न ।
२०. ख्वप नगरमा रहेका ध्वाकाहरूको बारे बताउन ।
२१. स्थानीय रुपमा मनाउने पर्वमा प्रयोग हुने चित्रहरू बनाउन ।
२२. राष्ट्रिय कला सङ्ग्रहालयमा भएका धातुकलाको अवस्था र ऐतिहासिकता बताउन ।
२३. ख्वपमा विभिन्न अवस्थामा गाउने परम्परागत गीत गाउन ।
२४. स्थानीय नाचहरूको परिचय दिन र ख्यालमा अभिनय गर्न ।
२५. स्थानीय पेशामा तेल पेल्ने, चिउरा कुट्ने पेशा बारे परिचय दिन र यस पेशाको फाइदा र आधुनिकता बताउन ।
२६. खेर गएका प्लाष्टिकबाट उपयोगी सामानहरू बनाउन ।
२७. सिँगारको परम्परागत सामग्रीको बनाउन र प्रयोग गर्न ।
२८. हाकुपटासी र नं-सुरुवको परिचय, महङ्खव र निर्माण प्रक्रिया बताउन ।
२९. परालबाट विभिन्न उपयोगी सामग्रीहरू बनाउन ।
३०. कुरुशको सहायताले रुमाल बनाउन ।
३१. माटोबाट घर, कलम राख्ने भाँडो बनाउन र सेरामिक्सका सामान बनाउने तरिका बताउन ।
३२. गुन्द्रुकको अचार र फिङ्ग (साँधेको) अचार बनाउन ।
३३. थ्वं र ह्यों थ्वं निर्माण प्रक्रिया र यसका फाइदाहरू बताउन ।
३४. स्थानीय संस्कार दिगु पुजा (देवाली) बारेमा वर्णन गर्न ।
३५. बुरांज्या कार्यक्रम, हाकुवा बनाउने प्रक्रिया, वाखास्य कार्यक्रम र हकुवा चामल पौष्टिक तत्व सम्बन्धी व्याख्या गर्न ।
३६. मूर्त र अमूर्त सम्पदाबारे व्याख्या गर्न ।
३७. गुरु पूर्णिमाको अर्थ र महत्व उल्लेख गर्न ।
३८. स्थानीय संस्कृति भ्वः भ्वय्को प्रकार, प्रक्रिया, महङ्खव आदिबारे व्याख्या गर्न ।
३९. परम्परागत स्थानीय कीटनाशक औषधीको रुपमा प्रयोग हुने जडीबुटीको नाम बताउन ।
४०. परम्परागत भोजको स्वास्थ्यकर विधिहरू बताउन ।
४१. सुत्केरी स्याहार विधि उल्लेख गर्न ।
४२. स्थानीय खेलहरू खेल्न ।
४३. पर्यटनसँग सम्बन्धित उद्योगहरू, पर्यटकीय शुल्कको प्रयोग तथा सम्पदा संरक्षण र सम्बर्द्धन बारे बताउन ।

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **१. खपको चिनारी** | १. काठमाडौँ उपत्यका (स्वनिगः) को भौगर्भिक र भौगोलिक अवस्था | ठूलो भौगर्भिक हलचलले उपत्यकाको दक्षिणी भाग माथि उठ्दा बाहिर बग्ने पानी थुन्न गई उपत्यका विशाल दहमा परिणत हुन गएको र अर्को त्यस्तै हलचलले पुनः पानी बाहिर गएर उपत्यका उर्वर भूमिमा परिणत भएको | ❑ भौगर्भिक हलचल अथवा टेक्टोनिक्सका कारण आजभन्दा लगभग २० लाख वर्ष पहिले हालको काठमाडौँको दक्षिणतिरको भूभाग (महाभारत लेक) बिस्तारै माथि उठ्दै जाँदा उपत्यकाको निर्माण भएको र त्यतिबेलाको प्राक बाग्मती नदी (Proto-Bagmati River) बिस्तारै थुनिन गई पानी जम्न सुरु भएको तथ्य बताउन ।<br>❑ आजभन्दा झण्डै १० लाख वर्ष पहिले फेरि महाभारत लेक भौगोलिक दृष्टिले 'तीव्र' गतिमा उत्थान भएको र काठमाडौँले ठूलो तालको रूप लिएको उल्लेख गर्ने ।<br>❑ झण्डै ३० हजार वर्ष पहिले तालको पानीले दक्षिणको चोभारतिरको चुनढुङ्गालाई पगाली निकास बनाएको र त्यहीबाट पानी बाहिर बगेर गई क्रमशः आजभन्दा लगभग १०/ ११ हजार वर्ष पहिलेसम्म तालको पानी निस्की काठमाडौँ उर्वर भूमिमा परिणत भएको तथ्य बताउने । | – उपत्यका दहको रूपमा रहेको नक्सा ।<br>– उपत्यकाको पानी तीन पटक गरेर बाहिर जाँदाको तीन भिन्ना भिन्नै भौगर्भिक नक्सा । | १. स्वनिगःका उर्वरभूमिमा परिणत कसरी भयो भन्ने बारेमा वैज्ञानिक तथ्य लेख्नुहोस् । | ३ |
| | २. उपत्यकालाई सिञ्चित गर्ने प्रमुख नदीहरू र वरिपरिका पर्वत श्रृङ्खलाहरूको अवस्थिति | (क) उपत्यका (स्वनिगः) को उर्वरभूमिलाई सिञ्चित गर्ने प्रमुख नदीहरू र यसलाई चारैतिर घेरिरहेका महाभारत पर्वत श्रृङ्खलाका विभिन्न पहाड र डाँडाहरूको अवस्थिति तथा यी दुई बीचको | ❑ स्वनिगःको प्रमुख नदी बाग्मती र यसमा चारै दिशाबाट मिसिन आउने अन्य नदीहरूको अवस्थितिको बारेमा अवगत गराउने । जस्तै पूर्वबाट बग्ने हनुमन्ते, उ.पू. बाट बग्ने मनहरा, उत्तरबाट बग्ने धोबीखोला र विष्णुमती, पश्चिमको बल्खु खोला, दक्षिणमा बग्ने कुडकु (निखु) खोला ।<br>❑ स्वनिगः वरिपरिका पहाड र डाँडाहरू जस्तै, उत्तरको शिवपुरी, उ.प.को नागार्जुन, पूर्वको नगरकोट, द. पश्चिमको चन्द्रागिरि, द. पू. को फूलचोकी पहाडको सामान्य अवस्थितिको अवगत गराउने । | स्वनिगःमा बग्ने प्रमुख नदीहरूसहितको नक्सा तथा यसको वरिपरिका डाँडा र पहाडको नाम र उचाइ अङ्कित भएका नक्साहरू । | २. स्वनिगःमा वरिपरिका डाँडाहरूबाट बग्ने खोला र नदीहरूको नाम र बग्ने दिशाका बारेमा लेख्नुहोस् । | ४ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | अन्तरसम्बन्ध बताउन । | ❑ स्वनिगःको यस उर्वरभूमिमा बग्ने नदीहरूको मुहान नै ती वरिपरिका पहाड र डाँडाहरू भएको र अझ ती पहाडहरू त्यहाँ उपस्थित नभएका भए यो सम्पूर्ण भूमि नै मरुभूमिमा परिणत हुने र यिनीहरूबीचको अन्योन्याश्रित सम्बन्धका बारेमा बताउने । | | | |
| | ३. स्वनिगःका मौसम र हावापानी तथा विभिन्न ऋतुहरूका बारेमा बताउन । | प्राकृतिक वातानुकूलित (एअरकण्डीसन)को रूपमा चिनिने उपत्यका (स्वनिगः) मा पाइने विविध ऋतुहरूका बारेमा जानकारी र मानव जनजीवन र उनीहरूको संस्कृति र साहित्यमा यसको प्रभाव । | ❑ उपत्यकामा प्रचलित ६ थरि (वसन्त, गृष्म, वर्षा, शरद, हेमन्त, शिशिर) र चार थरि (Spring, Summer, Autumn and Winter) ऋतुहरूको वर्गीकरणको बारे छलफल गर्ने ।<br>❑ ती ऋतुहरूमा मौसमको (गर्मी, जाडो वा शीतल) अवस्थाको बारेमा चर्चा गर्ने ।<br>❑ ऋतुहरू, मौसम र हावापानी (जलवायु) सँग मात्र सम्बन्ध नराख्ने बरु स्थानीय भाषा, साहित्य, सङ्गीत र नखः चखः (चाडपर्व) र संस्कारहरूसँग पनि यसको अन्योन्याश्रित सम्बन्ध भएको छलफल गर्ने ।<br>❑ ऋतुहरू अनुसारको जनजीवन विषयमा छलफल गर्ने । | – दुई थरिको ऋतु विभाजन गरिएको चार्ट ।<br>– ऋतु अनुसारको चाडपर्व झल्किने फोटोहरू । | १. ऋतु अनुसारको मौसमबारे लेख्नुहोस् ।<br><br>२. ऋतु र चाडपर्वका बीचमा के अन्तर सम्बन्ध छ ? | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **२. खपको इतिहास** (क) नेपालमण्डलको इतिहास | १. यक्ष मल्लको मृत्युपछि मजबुत एकीकृत नेपालमण्डल बिस्तारै विभाजन हुँदै गएको बताउन । | – एकीकृत नेपालमण्डलको प्रमुख तीन सहर र यसको राजधानी भक्तपुर छुट्टै राज्यहरूमा विभाजित हुँदै गएको सङ्क्षिप्त ऐतिहासिक प्रस्तुति । | ❑ यक्ष मल्लको देहवसानपछि उनका जेठा छोरा रायमल्लले राजधानी भक्तपुरको राजकाज सम्हाले तर चतुर मानिएका माहिला छोरा रत्न मल्लले वि.स १५४१ मा कान्तिपुर र ललितपुरलाई आफ्नो अधीनमा राख्दै गए। त्यसैले कान्तिपुरको पहिलो मल्ल राजा पनि रत्न मल्ललाई नै मानिन्छ ।<br>❑ समय बित्दै गयो र फरक फरक राजाहरूले भक्तपुर, कान्तिपुर र ललितपुरको राजकाज सम्हाल्दै गए। बिस्तारै यिनीहरू सांस्कृतिक र राजनीतिक रूपमा एक अर्काका प्रतिद्वन्द्वी पनि हुँदै गए। राजनीतिक रूपमा प्रतिद्वन्द्वी भएकाले दुई राज्य मिलेर तेस्रोलाई अप्ठेरोमा पार्ने र आक्रमण गर्नेसम्मको परम्परा चल्दै गयो ।<br>❑ यी तीन प्रमुख राज्यहरूमा कान्तिपुरले नुवाकोटलाई पनि आफ्नो अधीनमा राख्यो। नुवाकोट सामरिक र व्यापारिक दृष्टिकोणले महत्त्वपूर्ण थियो। भोटसँगको व्यापारको मुख्य नाका र पश्चिम नेपाल जाने नाका पनि नुवाकोट नै थियो। यसरी कान्तिपुर आर्थिक रूपमा पनि समृद्ध हुँदै गयो । | फोटो, तस्बिर तथा सम्भव भए भिडियो क्लिप्स् | | ८ |
| | २. राजनीतिक रूपमा तीन सहरबीच खिचातानी चले पनि भाषा, कला, साहित्य, संस्कृति र वास्तुकलामा | | ❑ राजनीतिक रूपमा यी तीन राज्यहरूबीच खिचातानी भए पनि सांस्कृतिक, साहित्यिक र वास्तुकला निर्माणको फाँटमा तीनै राज्यहरू उत्तिकै अब्बल हुँदै गए। बौद्धिक र साहित्यिक क्षेत्रमा राजाहरू स्वयं अग्रपङ्क्तिमा थिए ।<br>❑ भक्तपुरका राय मल्ल पछि राजा भएका सुवर्ण मल्ललाई भक्तपुरलाई नृत्य, सङ्गीत, भजन र नाटकको सहर बनाउने श्रेय जान्छ। उनकै पालामा नवदुर्गा नाच र बोडेको महालक्ष्मी नाच व्यवस्थित भएको मानिन्छ । | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | तीनै सहरहरू समृद्ध हुँदै गएको बताउन । | | ❑ त्रैलोक्य मल्लपछिका भक्तपुरका राजा जगज्ज्योतिर मल्ल स्वयं विद्याप्रेमी थिए । उनलाई ज्योतिषशान्त्रका विद्वानसमेत मानिन्छ । उनले नाटक तथा गीतका समेत रचना गरेका थिए । उनीपछिका जयजितामित्र मल्ल आफूलाई ‘सुमति’ (मन सफा वा मनमा कसैप्रति द्वेष नराख्ने सफा मनको) मान्थे । ‘सुमतितन्त्र’ नामक प्रसिद्ध ज्योतषशास्त्रका ग्रन्थ पनि उनले लेखेका थिए ।<br>❑ भूपतीन्द्र मल्लसम्म आइपुग्दा पनि मठ मन्दिरजस्ता वास्तुकला निर्माण, साहित्यिक रचना लेखन तथा बौद्धिक परम्परा भक्तपुरमा कायममात्र गरेन बरु तीन सहरमध्ये अब्बल नै बनाए । ङातापोल र ङेङापाभ्यो दरबार (पाँच तले मन्दिर र पच्चपन्न झ्याले दरबार) भूपतीन्द्र मल्लकै पालामा बनाइएको थियो । भूपतीन्द्र मल्ल एक कवि र नाटककार र निर्देशक पनि थिए । उनले लेखेको ‘गौरी विवाह’ (वि.सं. १७६३) नामक नाटक अति प्रसिद्ध मानिन्छ ।<br>❑ भूपतीन्द्र मल्लपछि उनका छोरा रणजित मल्ल भक्तपुरका राजा भए । उनी भक्तपुरका अन्तिम मल्ल राजा हुन् । रणजित मल्ल पनि भाषा साहित्य र संस्कृतिमा निकै चाख राख्थे र उनले धेरै सामाजिक र धार्मिक गीतहरूले भक्तपुरको दाफा भजनलाई सम्बृद्धि बनाएको मानिन्छ । ललितकला, साहित्य र भाषाबाहेक उनी  वास्तुकलामा उतिकै ध्यान दिन्थ्ये । विश्वप्रसिद्ध लायकुको लुँध्वाका, तगो गां उनकै पालाको थियो । | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **२.** (ख) मध्यकालको अन्त र आधुनिक कालको सुरुआत | १. वि.स १८२६ मा भक्तपुरलाई जितिसकेपछि पृथ्वीनारायण शाहले उपत्यकामा शाह वंशको सुरुआत गरेको बताउन । | भक्तपुरका राजा रणजीत मल्ललाई मित्रघात गर्दै पृथ्वीनारायण शाहले भक्तपुरमा ठूलो नरसंहार मच्चाउँदै सहर कब्जा गरी मल्लकालको अन्त्य गरेको प्रस्तुति । | ❑ भाषा, कला, ललितकला, साहित्य, संस्कृति र वास्तुकलामा सम्पन्न हुँदा हुँदै रणनीतिक रूपमा ध्यान पुऱ्याउन नसक्दा गोरखाका राजा पृथ्वीनारायण शाहले आफ्नै मीतलाई घात गर्दै भक्तपुर कब्जा गरेको थियो । राजा रणजीत मल्ल, उनका सेना र जनताले समेत कान्तिपुर र ललितपुरमा जस्तै आत्मसमर्पण गर्न नमानेपछि ठूलो नरसंहार, आगजनी, रक्तपातपछि भक्तपुर कब्जा भएको थियो । | फोटो | | |
| | २. आधुनिक युगको सुरुआतसँगै नेपालका शासकहरूले नेपालमण्डलकै गौरवशाली इतिहासलाई नजरअन्दाज गर्दै गएको तथ्य बताउन । | | ❑ भक्तपुर आक्रमणकै क्रममा गोर्खाली सैनिकहरूले बहुमूल्य अभिलेखहरू सङ्ग्रहित पुस्तकालय (सफूकुथी) समेतमा आगजनी गरिदिएको चर्चा गर्ने ।<br>❑ वि.सं. १८२५ मा भक्तपुरमाथि पृथ्वीनारायण शाहको विजयपश्चात् सुरु भएको आधुनिक युगमा शाह वा राणा सबै शासकहरूले गौरवशाली इतिहास बोकेको नेपालमण्डललाई नियोजित रूपमै बेवास्ता गरेको तथ्यसहित जानकारी दिने ।<br>❑ सिङ्गो ३० वर्षको पञ्चायतकालमा भक्तपुरलाई अझ राजनैतिक रूपले दबाउने र पूर्ण निषेध गरिएको व्याख्या गर्ने ।<br>❑ बहुदलीय व्यवस्था पुनःस्थापना पश्चात्का सङ्घीय लोकतन्त्रमा समेत भक्तपुरलगायत उपत्यकाको सम्पदाको संरक्षणमा बेवास्ता हुँदै आएको । | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | ३. आधुनिक युगको प्रमुख राजनैतिक र सामाजिक घटनाहरूमा ख्वप देका जनताले खेलेको भूमिका बताउन । | वि.सं. १८२५ पश्चात्को आधुनिक युगका विभिन्न राजनैतिक र सामाजिक, घटनाहरूमा (गणतान्त्रिक युगसम्म) मूलधारको राजनीतिमा ख्वप देले खेलेको भूमिका | ❑ गोर्खाली फौजसँग डटेर मुकाबिला (जबकि काठमाडौं र पाटनलाई बिनारक्तपात सजिलै जितेका थिए ।)<br>❑ राणाविरोधी आन्दोलनमा सहभागी (प्रजा परिषद्सँग सम्बद्ध)<br>❑ २०१७ सालदेखि पञ्चायत व्यवस्था विरोधी आन्दोलन र जनजागरण ।<br>❑ २०३३ सालको जनमत सङ्ग्रहका लागि बहुदलीय व्यवस्थाको पक्षमा आन्दोलनमा जनपरिचालन ।<br>❑ वि.सं. २०४२ को शान्तिपूर्ण सत्याग्रह आन्दोलनमा भूमिका<br>❑ प्रजातन्त्र पुनस्थापनाको लागि २०४६ सालको पहिलो शान्तिपूर्ण जनआन्दोलनमा खेलेको भूमिका<br>❑ २०४७ सालमा प्रजातान्त्रिक संविधानको लागि गरिएको सङ्घर्ष<br>❑ वि.सं. २०६२/६३ को गणतन्त्रको लागि भएको आन्दोलनमा खेलेको भूमिका<br>❑ छिमेकी भारतले २०७२ सालमा गरेको नाकाबन्दीको विरोधमा खेलेको सशक्त भूमिका<br>❑ राष्ट्रियता जोगाउन गरिएको आन्दोलन<br>❑ सम्पदा संरक्षणको लागि गरिएका अग्रसरता । | • राणाविरोधी आन्दोलनका तथ्य तथ्याङ्कहरू<br>• पञ्चायत विरोधी आन्दोलनका फोटोहरू<br>• साम्राज्यवादी र बिस्तारवादीका आन्दोलनका फोटोहरू<br>• २०४५ सालको भक्तपुर काण्ड र २०४६ सालको आन्दोलनका विवरणहरू<br>• २०६२/०६३ सालको आन्दोलनका भिडियो क्लिप्सहरू<br>• सम्पदा संरक्षणका प्रयासहरू | १. राणाविरोधी क्रियाकलापमा ख्वप देको भूमिका उल्लेख गर्नुहोस् ।<br><br>२. भर्पाइ तथा बाली काट्ने आन्दोलन भनेको के हो ? वर्णन गर्नुहोस् ।<br><br>३. सम्पदा संरक्षणमा ख्वप देले खेलेको भूमिका प्रष्ट पार्नुहोस् । | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | ❑ भूमिसुधार आन्दोलनको अगुवाई (साँढे धपाउने, मोहियानी हक, भर्पाई तथा बाली काट्ने किसान आन्दोलन ।<br>❑ भ्रष्टाचार विरोधी आन्दोलन, साम्राज्यवाद र बिस्तारवादविरोधी आन्दोलन ।<br>❑ सफाइ आन्दोलन, शिक्षक आन्दोलन ।<br>❑ वि.सं. २०३५ सालको जनमत सङ्ग्रहमा बहुदलीय प्रजातान्त्रिक पक्षमा जनपरिचालन ।<br>❑ आर्थिक तथा राजनीतिक आन्दोलन ।<br>❑ साम्राज्यवादीविरोधी आन्दोलन ।<br>❑ सुस्ता बचाउ अभियान ।<br>❑ भियतनाम युद्धविरोधी आन्दोलन ।<br>❑ चुच्चे नक्सा आन्दोलन । | • राष्ट्रियता जोगाउने आन्दोलनका विवरणहरू | | |
| | ४. किसान हकहितका लागि भएको बाली काट्ने, भर्पाइ तथा साँढे धपाउने आन्दोलनका बारे बताउन । | (क) गरिब किसानको हितका लागि भएका प्रमुख आन्दोलनहरूको सङ्क्षिप्त विवरण प्रस्तुति । | ❑ वि.सं. २००७ सालमा राणा शासनको अन्त्य भई राजनीतिक रूपमा प्रजातन्त्रको स्थापना भइसक्दा पनि गरिब किसानहरू लगायतका आम जनताको जीवनस्तरमा कुनै परिर्वतन भएका थिएनन् । तत्कालीन समयमा खेती किसानीको अवस्था अझ दयनीय थियो । राजा महेन्द्रले यही अवस्थाको अन्त्यको लागि भूमिसुधार ऐन ल्याए तर व्यवहारमा त्यो लागू भएको थिएन । किनकि सामन्ती समाजमा राजा र सरकारको वरिपरि रहने हैकमवालाहरू, प्रहरी र सेनाका उच्च तहका व्यक्तिहरू तथा समाजका टाठाबाठाहरू थोरै सङ्ख्यामा भए पनि जग्गा जमिनमा उनीहरूकै हालिमुहाली हुन्थ्यो । उनीहरूका पुर्खादेखि आफ्ना कब्जामा भएका जमिन उनीहरू छोड्न मान्दैनथ्ये ।<br>❑ वि.सं. २१/२२ सालसम्ममा भक्तपुरमा गरिब किसानका पक्षमा बोल्ने, उनीहरूमाथि भइरहेको शोषणको विरोध गर्ने क्रमको सुरुआत भइसकेको थियो । किसानहरूले दिनरात नभनी पसिना बगाई उमारेका बाली पशु विशेष गरी साँढेले ध्वस्त | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | पार्थे । त्यसैले ती साँढेहरूलाई खेत खेतबाट धपाउने अभियान जागरुक युवाहरूले सुरु गरे । तर बजारका साहुमहाजनहरूले महादेवका वाहन साँढेलाई यस्तो गर्न नपाउने तर्क राख्दै ती युवाहरूलाई पिटपाट गर्ने गर्थे । यही आन्दोलन नै साँढे धपाउने आन्दोलनको रूपमा चिनिन्छ । किसानको बाली जोगाउने यस आन्दोलनले गरिब किसानहरूलाई ठूलो राहत पुऱ्याउँथ्यो ।<br>❑ गरिब खेती किसानीहरूको पक्षमा भएको अर्को आन्दोलन बाली काट्ने आन्दोलन हो । किसानले ४/५ महिना लगाएर रगत पसिना लगाएर फलाएको बाली जमिनको मालिकले काट्न नदिने जस्ता शोषणको विरोधमा जनताहरू मिलेर रातारात बाली काट्ने र गरिब किसानको घरदैलोमा पुऱ्याउने आन्दोलन नै बाली काट्ने आन्दोलन हो । जग्गाको मालिक र खेत जोत्ने किसानको बीचमा हुने यो आन्दोलन दुई पक्षबीच झडपसमेत हुने भएकाले कुनै बेला यो आन्दोलनले हिंसात्मक रूपसमेत लिन्थ्यो । | | | |
| | | | ❑ जोताहा किसानले साहुलाई बाली बुझाएपछि साहुले आफ्नो मोहीको पहिचान गरी बाली बुझिलिएको भर्पाई (receipt) दिनुपर्ने नियम थियो । यो भर्पाई नै जोताहा किसानको लागि जग्गा जोतेको प्रमाण हुन्थ्यो र यसकै आधारमा उसले मोहियानी हक पाउँथ्यो । तर जोताहालाई मोहीको प्रमाण नदिई उसलाई मोहियानी हकबाट बञ्चित गर्ने साहुको षड्यन्त्र हुन्थ्यो । यसकै विरोधमा साहुसँग भर्पाई लिन आन्दोलनसमेत हुन्थ्यो । यही आन्दोलनलाई भर्पाई आन्दोलन भनिन्छ । यही भर्पाई आन्दोलनका कारणले भक्तपुरका किसानले आज आफूले जोतेको जग्गाको हक पाएका छन् । नेपालका अन्य धेरै जिल्लाहरूमा विशेषगरी तराईका जमिनदारहरूले जोताहा किसानलाई यस्तो हकबाट बञ्चित गर्दै आएका छन् । | | | |

<table>
<tr><th>क्षेत्र</th><th>सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य</th><th>विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु)</th><th>सम्भावित शिक्षण सिकाइ क्रियाकलाप</th><th>सम्भावित शैक्षिक सामग्रीहरू</th><th>सम्भावित मूल्याङ्कन प्रक्रिया</th><th>पाठ्यभार</th></tr>
<tr>
<td>३. स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या<br>क) ख्वपमा पाइने थरहरू</td>
<td>क) वडागत स्थानीय जातजाति (थरहरू) को जनसाङ्ख्यिक विवरणको विशेष जानकारी हासिल गर्न ।</td>
<td>स्थानीय जातजातिहरू (थरहरू) को वडागत जनसङ्ख्या विवरण</td>
<td>❑ तपाईं बसेको वडामा के एउटै थरका (जातिका) मान्छेहरू बस्छन् ? ख्वपका विभिन्न वडाहरूमा कुन कुन थरका कति जात कहाँ बस्छन् भन्ने कुरा कसरी थाहा पाउन सकिन्छ ? त्यसको स्रोत थाहा पाउन कहाँ जानुपर्छ ? के गर्नुपर्छ ? भनी कक्षामा छलफल गर्ने ।<br>• छलफलबाट निर्क्योल भएका कुरालाई आवश्यक तथ्याङ्क प्राप्त गर्न सोहीबमोजिमको निम्नानुसारको ढाँचा (फरम्याट) तयार गर्न लगाउने । समूहमा बाँडी सम्बन्धित निकाय वा संस्थाहरूमा स्रोतको रूपमा तथ्याङ्क सङ्कलन गर्न पठाई ढाँचाअनुसारको तालिकामा प्राप्त तथ्याङ्कलाई भर्न लगाउने । वडागत तथ्याङ्कको तालिकालाई समूहगत रूपमा प्रस्तुत गर्न लगाउने ।<br>जातीय पृथकीकरणको तालिकाको ढाँचा
<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">निश्चित जातिको विवरण</th><th colspan="2">बसाइँ वडा /घर सङ्ख्या</th><th rowspan="2">बसाइँसराइको कारण</th></tr>
<tr><th>विगतको</th><th>हालको</th></tr>
<tr><td>१.</td><td>प्रजापति</td><td></td><td></td><td></td></tr>
<tr><td>२.</td><td>बासुकला</td><td></td><td></td><td></td></tr>
<tr><td>३.</td><td>माक</td><td></td><td></td><td></td></tr>
<tr><td>४.</td><td>साही</td><td></td><td></td><td></td></tr>
<tr><td>५.</td><td>द्योउला</td><td></td><td></td><td></td></tr>
<tr><td>६.</td><td>ताम्राकार</td><td></td><td></td><td></td></tr>
<tr><td>७.</td><td>चिकंबन्जार</td><td></td><td></td><td></td></tr>
<tr><td>८.</td><td>मानन्धर</td><td></td><td></td><td></td></tr>
<tr><td>९.</td><td>बज्राचार्य</td><td></td><td></td><td></td></tr>
<tr><td>१०.</td><td>कवां</td><td></td><td></td><td></td></tr>
</table>
</td>
<td>– केन्द्रीय तथ्याङ्क विभागले प्रकाशित गरेको जनगणना (२०७८) को website<br>– पछिल्लो आमचुनाव, स्थानीय चुनावको लागि तयार पारिएको मतदाता नामावली<br>– चार्टहरू<br>– विषयमा उल्लिखित जातिहरू रहने थलो (टोल, बस्ती), उनीहरूको पेशा, व्यवसाय झल्किने तस्बिर, पोष्टर र video clips</td>
<td>१. ख्वपका अधिकांश टोलमा विशेषतः एक समुदायको बाहुल्यता भएको पाइन्छ किन ?<br><br>२. कुनै एक ठाउँको स्थलगत अध्ययनसहितको प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।</td>
<td>२</td>
</tr>
</table>

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | निश्चित जातिगत (थरहरू) विभिन्नताका आधारमा स्थलगत पृथकीकरण (caste segregation)<br>जस्तै : प्रजापति, वासुकला, माक, साही, द्योउला, ताम्राकार, चिकंबन्जार, मानन्धर | ❑ ख्वपका नेवार जातिहरूमा उच्चरूपमा पृथकीकरण (Segregation) भएको देखिन्छ । विशेष गरीकन ठाउँ (टोल) र पेशाबाट ती विभिन्न थरका समुदायहरू चिनिन्छन् । अथवा ती जातिको थरबाट ठाउँ वा पेशा चिनिन्छ । जस्तै बासुकला ब्यासी टोलमा, प्रजापति सूर्यमढी र तालाक्व टोलमा । विषय विस्तृतीकरणमा उल्लेख गरिएका निश्चित थरहरू भएका समुदायहरू ख्वप नगरमा कहाँ, कुन टोलमा बस्छन् ? ती टोलहरूमा कुन जाति (समुदाय) को बाहुल्यता छ ? कक्षामा सोधिएका प्रश्नका उत्तरहरू बोर्डमा टिप्दै जाने । निश्चित जाति रहने टोल र तिनीहरूको पेशासहितको तालिकाको ढाँचा (format) माथि दिए अनुसार तयार पारी समूहमा छलफल गरी भर्न लगाउने । आवश्यक ठाउँमा शिक्षकले सघाउने ।<br>• छुट्ट्याइएका ती नै विद्यार्थी समूहहरूलाई निश्चित कुन जाति/समुदाय कुन स्थानमा रहेका छन् । ती टोलहरूमा पठाई जेष्ठ नागरिक र अरू सम्बन्धित जाति/समुदायका विशेष मानिसहरूसँग प्रश्नावलीसहित सोधपुछ गराई उच्च रूपमा भएको जातिगत पृथकता (Caste Segregation) पुष्ट्याइँ गर्न थप बुँदाहरू सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• जातिगत पृथकता (Caste Segregation) का नक्सा, चित्र, तथ्याङ्क, तालिका बनाउन लगाउने । | | १. ख्वपमा निश्चित जातिहरूको वडागत वितरण कसरी भएको छ ? त्यसको चार्ट र नक्सासहित प्रस्तुत गर्नुहोस् । | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ३.<br>(ख) स्थानीय जातजाति (समुदाय)हरूको जनसाङ्ख्यिक बनावट | (ख) स्थानीय जातजाति (समुदाय)हरूको जनसाङ्ख्यिक बनावटमा परिवर्तन, त्यसको प्रभावबारे जानकारी हासिल गर्न र त्यसको नकारात्मक प्रभावलाई नियन्त्रण गर्ने उपायहरू बताउन । | • स्थानीय जातजातिको बसाइ–सराइ<br>• बसाइ सराइका कारणहरू र त्यसले ल्याउने परिवर्तनहरू<br>• ख्वपमा जनसाङ्ख्यिक बनावटमा आएको परिवर्तनले देखापरेको वातावरणीय, सामाजिक सांस्कृतिक प्रदूषण र नियन्त्रण | ❑ जनसङ्ख्याको आकार र बनावट सधैं स्थिर रहिरहँदैन । त्यसमा परिवर्तन आइरहेको हुन्छ । उक्त परिवर्तनको विभिन्न कारणहरूमध्ये बसाइसराइ पनि एउटा प्रमुख कारण भएको उल्लेख गर्दै ख्वपमा देखिएको बसाइ सराइको विशेषताबारे छलफल गर्ने ।<br>• बसाइँसराइ सम्बन्धी एउटा तालिकाको रूपमा खाका तयार पारिदिने । त्यसमा विषयवस्तुमा खलक/समुदाय, भक्तपुरमा पहिला बसेका ठाउँ, पुर्खा बसाइ सरिआएको ठाउँ, घर धुरी सङ्ख्या/प्रतिशत र स्रोत खुल्ने गरी कोलमहरू संलग्न गर्ने । त्यसको प्रबोधीकरण गरी समूह समूहमा बाँडेर project work गराउने ।<br>• ख्वपमा बसाइ सरिआउने र ख्वपबाट बसाइ सरी बाहिर जाने विषयमा pull / push factor हरू थाहा पाउन ती बसाइ सर्नेहरूको सम्बन्धित टोल छिमेकमा गई आवश्यक तथ्याङ्क सङ्कलन गर्न समूह विभाजन गरी पठाउने ।<br>• माथि दिइएको ढाँचा (format) अनुसार तयार गरी प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।<br>• विषयवस्तुमा उल्लिखित निश्चित जातिहरू (समुदायहरू) को बस्ने ठाउँको स्थलगत भ्रमण गरी उनीहरूको पेशा, व्यवस्थाबारे प्रतिवेदन तयार पार्न लगाउनुहोस् ।<br>• ख्वपमा रहेका बासिन्दाहरूसँग निम्न प्रश्नावलीसहित प्रत्येक विद्यार्थीले दश घर धुरीमा नदोहोरिने गरी गएर आवश्यक विषय उत्तर सङ्कलन गराउने ।<br>• सर्वेक्षण प्रश्नावली<br>१) घरधनीको नाम...........<br>२) मूल घर वा पूर्ख्यौली घर कुन हो ? | शिलालेख, अभिलेख, ताम्रपत्र आदिको तस्बिर, Video clips poster<br>• जनसाङ्ख्यिक चार्टहरू<br>• बसाइ सराइ झल्काउने चार्टहरू, Pictorial charts | १. जनसाङ्ख्यिक बनावटको परिवर्तनले हुने नकारात्मक असरहरू उल्लेख गर्नुहोस् । | ४ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | ३) बसाइसराइ गरेको समय .....?<br>४) पुर्ख्यौली पेशा के हो ?<br>५) पुरानो घर निर्माण गरेको कति वर्ष भयो ?<br>६) पुरानो घर कति भागमा विभाजन भयो ?<br>७) मुख्य मुख्य पूजा हुँदा गणेश कहाँको मान्ने ?<br>८) मुख्य मुख्य पूजा हुँदा कुन पीठमा पूजा गर्न जानुहुन्छ ?<br>९) गुठी घर छ कि छैन ? नभए गुठीको क्रियाकलाप गर्ने ठाउँ कता छ ?<br>११) मृत्यु संस्कार गर्ने घाट कुन हो ?<br>• ख्वपमा भएको यस्तो बसाइसराइले हुने सकारात्मक र नकारात्मक परिवर्तनहरू के–के हुन सक्छन् ? समूह समूहमा छलफल गराउने ।<br>• ख्वपको जनसाङ्ख्यिक बनावटमा यस्तो खालको बसाइसराइको कारण वातावरणीय समस्याको साथै आर्थिक, सामाजिक सुविधामा र सांस्कृतिक क्षेत्रमा के कस्ता समस्याहरू देखिए भन्ने विषयमा पनि छलफल गराउने ।<br>• बसाइसराइका कारण देखापरेका समस्याहरूलाई नियन्त्रण गर्न सम्बन्धित निकाय, सङ्घ–संस्था र सरोकारवालाहरूले के–कस्ता योजना बनाएका छन् ? कार्यान्वयनका लागि पहल भएको छ छैन बुझ्नको लागि वडा कार्यालय नगरपालिका, खानेपानी तथा ढल निकास व्यवस्थापन शाखा, विद्युत प्राधिकरण, टेलिफोन कार्यालय आदि सम्बन्धित सङ्घ–संस्थाहरूमा अध्ययन गर्न पठाउने। त्यसको समूहगत प्रतिवेदन प्रस्तुत गर्न लगाउने । | • तीव्र र अव्यवस्थित सहरीकरण जनाउने चित्रहरू<br>• ख्वपको जल, जमिन र धार्मिक सम्पदामा देखा परेका जोखिमहरू दर्शाउने चित्रहरू?<br>• कृषि योग्य जमिन/भूमि मासिँदै आवास क्षेत्र फैलिँदै गएको नक्सा<br>• स्थानीय मानवीय शक्ति पलायन हुँदै गएको चित्र | | |

## कक्षा : ८

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **३.** (ग) स्थानीय विशिष्ट व्यक्तित्वहरू | १. ख्वपका चार विशिष्ट व्यक्तित्वहरूको परिचय दिन । | १. नारायणमान बिजुक्छें<br>२. रमापतिराज शर्मा<br>३. तेजेश्वरबाबु ग्वंगः<br>४. पृथुचरण वैद्य | ❑ विशिष्ट कोही व्यक्तिहरूको जीवनीबारे अध्ययन अनुसन्धान गरी जानकारी राख्नुपर्ने कारण किन होला भनी कक्षामा छलफल गर्ने ।<br>❑ अहिलेसम्म पढेका जीवनीहरूबाट के-कुरा सिक्ने र विशिष्ट व्यक्तिहरूको जीवनीबाट के प्रभाव पऱ्यो त ? भनी व्यक्तिगत केही विद्यार्थीहरूलाई सोधी उनीहरूको आफ्नो धारणा व्यक्त गर्न लगाउने ।<br>❑ समूहगत छलफलबाट विशिष्ट व्यक्तिहरूको व्यक्तिगत विशेषताबारे विवरण प्रस्तुत गर्न लगाउने । यसको निम्ति आवश्यक सामग्रीहरू शिक्षकले प्रदान गरी सहयोग गर्ने ।<br>❑ आवश्यक जानकारीका लागि सम्बन्धित व्यक्तिको घर, परिवार, सङ्घ-संस्था दलको कार्यालयसँग बुझेर आवश्यक सामग्रीहरू (लिखित, मौखिक, श्रव्य-दृश्य) प्राप्त गरी समूहगत रूपमा कक्षामा लिखित प्रस्तुति दिन लगाउने । | विशिष्ट व्यक्तिहरूको तस्वीरहरू र उहाँहरूको योगदानसहितको छोटो चिनारी वा जीवनी | १. युवावस्थामा नारायणमान बिजुक्छेंमा शोषित पीडित जनताको पक्षमा सेवा गर्ने भावना कसरी जागृत भयो ? | ४ |

**सहायक सामग्री : ख्वपको पहिचान भाग १, पृष्ठ १७, ६१ र ६७, भाग २, पृष्ठ ११३**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **४. स्थानीय बोलीचाली र लिपि**<br>(क) स्थानीय बोलीचालीमा महिना, पूर्णिमा, चतुर्दशी तिथिका नामहरू | (क) स्थानीय बोलीचालीमा महिना, पूर्णिमा, चतुर्दशी तिथिका नामहरूको सूची तयार गर्न । | १. महिना :<br>चौला, बछला, तछला दिल्ला, गुँला, ञला, कौला, कछला, थिल्ला, पोहेंला, शिल्ला, चिल्ला (गाःथ्व) चौला गाः चौला थ्व आदि<br><br>२. पूर्णिमा :<br>चासःपुन्ही, स्वाँया पुन्ही, ज्याःपुन्ही, दिल्ला पुन्ही, गुन्ही पुन्ही, यँया पुन्ही, अनला पुन्ही, कति पुन्ही, सकिमना पुन्ही, योमह्री पुन्ही, मिला पुन्ही, सि पुन्ही, होली पुन्ही | ❑ विद्यार्थीहरूलाई समूहमा बाँड्ने प्रत्येक समूहलाई पुरानो अथवा हालको भित्ते पात्रोहरू दिने । ती पात्रोहरूमा उल्लेख भएका महिनाहरूको नाम कुन कुन भाषामा दिइएको छ त्यसको भाषागत रूपमा छुट्टाछुट्टै सूची तयार पार्न लगाउने ।<br>❑ अङ्ग्रेजी र नेपाली भाषामा बाहेक अरू कुन भाषामा चन्द्रमासअनुसार महिनाका नामहरू उल्लेख भएका छन् Highlight गर्न लगाउने ।<br>❑ चन्द्रमास र सूर्यमासबारे के फरक छ बताउने<br>❑ Highlight गरिएका महिनाका नामहरू कुन भाषा र जातिले प्रयोगमा ल्याएका छन् समूहमा छलफल गराउने ।<br>❑ ती Highlight गरिएका महिनाहरूमा उल्लेख भएका पुन्ही र चऱ्हेले कुन कुन दिन वा तिथिलाई जनाउँछ छलफल गरी प्रस्तुत गर्न लगाउने ।<br>❑ ती पुन्ही, चऱ्हेहरूमा स्थानीय जातजातिहरूले कुन कुन गतिविधि के कसरी गर्छन् वा मनाउँछन्, विशेष रीतिरिवाज, जात्रा, चाड पर्व ती दिनहरूमा अथवा तिथिहरूमा पर्छ या पर्दैन, कसरी मनाउँछन् आदिबारे छलफल गराउने । आवश्यक परे शिक्षकले सम्बन्धित विभिन्न सामग्री प्रयोग गरी प्रष्ट्याउने ।<br>❑ विद्यार्थीका घरका जेष्ठ नागरिक, आफन्त, घरछिमेक, घरबेटी बा-आमासँग ती पुन्ही-चऱ्हेमा गरिने क्रियाकलाप बुझेर तयार पारेको तलको format (ढाँचा) अनुसार भरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>❑ पुरानो भक्तपुर नगरको गल्ली, चोक, पाटी-पौवा, फल्चामा आराम लिई बसेका जेष्ठ नागरिकहरूसँग भलाकुसारी गरी | ❑ चलनचल्तीका भित्तेपात्रोहरू, स्मार्ट फोन (हाम्रो पात्रो एप), Flash Card<br>• तीनओटै भाषामा तीनओटे कोलोम बनाई महिना, पूर्णिमा र औँसी अगाडिका चतुर्दशी चऱ्हे) का नामहरूको सूची भएको तालिका वा चार्ट<br>• सान्दर्भिक video clips, poster, पुस्तिका र सहयोगी पुस्तक | ❑ • कुनै तीन ओटा विशेष तिथिबारे अनुच्छेद लेख्न लगाउनुहोस् ।<br>• कुन कुन महिनाको कुन पुन्ही वा चऱ्हेमा के हुन्छ वर्णन गर्नुहोस् ।<br>• कुनै तीन ओटा विशेष तिथिबारे अनुच्छेद लेख्न लगाउनुहोस् ।<br>• कुन कुन महिनाको कुन पुन्ही वा चऱ्हेमा के के पारम्परिक क्रियाकलाप हुन्छन वर्णन गर्नुहोस् । | ३ |

<table>
<tr><th>क्षेत्र</th><th>सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य</th><th>विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु)</th><th>सम्भावित शिक्षण सिकाइ क्रियाकलाप</th><th>सम्भावित शैक्षिक सामग्रीहरू</th><th>सम्भावित मूल्याङ्कन प्रक्रिया</th><th>पाठ्यभार</th></tr>
<tr><td></td><td></td><td></td><td>आवश्यक जानकारी प्राप्त गर्न तयार पारिएको तिथिमितिको ढाँचा (format) मा भरी ल्याउन समूहहरूलाई निर्देशन दिई पठाउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।<br><u>विषय विस्तृतीकरणमा उल्लेख गरिएका चन्हे र पुन्हीको विवरण</u>
<table>
<tr><th>क्र.सं.</th><th>चन्हे</th><th>रीतिरिवाज, जात्रा पर्व</th></tr>
<tr><td>१.</td><td>मताती चन्हे</td><td></td></tr>
<tr><td>२.</td><td>सिथि चन्हे</td><td></td></tr>
<tr><td>३.</td><td>.....</td><td></td></tr>
<tr><td>४.</td><td>.....</td><td></td></tr>
<tr><td>५.</td><td>.....</td><td></td></tr>
<tr><td>६.</td><td>.....</td><td></td></tr>
</table>
<table>
<tr><th>क्र.सं.</th><th>पुन्ही</th><th>रीतिरिवाज, जात्रा पर्व</th></tr>
<tr><td>१.</td><td>चासः पुन्ही</td><td></td></tr>
<tr><td>२.</td><td>स्वाँया पुन्ही</td><td></td></tr>
<tr><td>३.</td><td>.....</td><td></td></tr>
<tr><td>४.</td><td>.....</td><td></td></tr>
<tr><td>५.</td><td>.....</td><td></td></tr>
<tr><td>६.</td><td>.....</td><td></td></tr>
</table>
❑ स्थानीय बोलीचालीमा सम्बोधन गर्ने महिना, पूर्णिमा र चन्हेहरू उल्लेख भएको क्यालेण्डर तयार पार्न लगाउने ।</td><td></td><td></td><td></td></tr>
</table>

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **४.** (ख) स्थानीय भाषा (नेपालभाषा) मा कुराकानी | ख) होटल अथवा लजमा जाँदा स्थानीय बोलीचाली भाषामा कुराकानी गर्न । | - जिता छुं दिं नयता च्वनेता थाय् मगु द ।<br>- गोन्हु च्वङ देगु ?<br>- जि ङान्हुतक जक च्वनेगु ।<br>- कोठा धःसा बाथरुम नपां दःसा बाँलाई ।<br>- कोठा छिकपिसं धयो दिगु थें हे ख ।<br>- अथे जुसा छक स्वय् कः ।<br>- जिउ, भ्फासँ<br>- कोठाया भः गुलि थें ?<br>- छन्हुया स्वसः तका जक खः ।<br>- भातिचा म्हो याय् जिइला ?<br>- ठिक हे जु, नेसः व ङेर्का बियो दिसँ ।<br>- क जिउ ।<br>- नयेगु व्यवस्था गथे थें? छु छु नयेगु दः ?<br>- नेवः नसा जा, कैं, तरकारी, अचार<br>- भपियो दियूगु जुसा ला नं द । | ❑ स्थानीय होटल वा लज व्यवसायीसँग स्थानीय बोलीचालीमा गरेका कुराकानीसहितको Video clips हरू देखाई आवश्यकताअनुसार बीच बीचमा रोकेर भाषा बुझे नबुझेको सोधी, नबुझेको ठाँउमा बुझाई स्पष्ट पार्ने । कठिन शब्द वा वाक्यहरूको अर्थसहित बोर्डमा लेखी सार्न लगाउने ।<br>❑ कुनै होटल वा लजमा केही दिन बिताएका विद्यार्थीहरू छन् कि भनी सोध्ने । नभएमा विद्यालयबाट शैक्षिक भ्रमण जाँदा होटल/लजमा बसेको सम्झने । त्यहाँ शिक्षकले वा विद्यार्थीले होटल/लज सञ्चालकसँग बस्ने, खाने, सुत्ने र अन्य के के व्यवस्था छ भन्नेबारे गरेको कुराकानी सम्झी त्यसलाई ख्वपको स्थानीय भाषामा ख्वपकै स्थानीय होटल लजमा भए कसरी कुराकानी गरिन्थ्यो होला, समूहमा छलफल गरी लेख्न लगाउने ।<br>❑ समूह समूहलाई पालैपालो होटल सञ्चालक, रिसेप्सनिस्ट, ग्राहक आदि बनाई Role Play गराउने ।<br>❑ अप्ठेरो महसुस गरेको ठाउँमा शिक्षक वा बुझेको विद्यार्थीबाट सहजकर्ताको भूमिका निभाउने, सम्बन्धित पोष्टर, चित्रात्मक कुराकानी, Dialogue Chart बोर्डमा टाँसी, हेर्न/पढ्न लगाउने ।<br>❑ कुनै नजिकको स्थानीयले सञ्चालन गरेको होटल /लजमा लगी होटल/लज सञ्चालकसँग ग्राहक बनी स्थानीय बोलीचालीमा कुराकानी गर्ने व्यवस्था मिलाउने र समूहहरूलाई पालैपालो कुराकानी गर्न लगाउने ।<br>❑ यस्तै नमूना कुराकानीहरु विद्यार्थीहरुलाई स्थानीय बोलीचाली भाषामा लेख्न लगाउने । | – चित्रात्मक चार्ट<br>– Dialogue Chart<br>– Video clips<br>– Cards<br>– Role Play | – Role Play मा सहभागिता<br>- Dialogue लेखन<br>- छलफलमा सहभागिता र प्रस्तुति । | ३ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | – छछाः नयागुया ध्येबा गुलि ?<br>– छछाःया चयूर्का जक<br>– क्वागु ना दला कि मरु ?<br>– दः माक्को द ।<br>– बहनिसिया नय्गु गुलि इलय तयार जुई ?<br>– खुताः इलय हे जुई । | | | | |
| **४.**<br>(ग) रञ्जना लिपि र प्रचलित लिपि | प्रचलित लिपि र रञ्जना लिपिको<br>– महत्त्व<br>– प्रयोग र<br>– फैलावटबारे सामान्य जानकारी हासिल गर्न । | परिचय :<br>नेपालभाषा भाषीहरूले प्रयोग गर्दै आएका तीन लिपिहरू<br>(क) नेपाल लिपि अथवा प्रचलित लिपि<br>(ख) रञ्जना लिपि र<br>(ग) भूजिंमो<br><br>**रञ्जना लिपिको महत्त्व**<br>(क) नेपालको आफ्नै मौलिकता भएको लिपि<br>(ख) नेपालको पुरातात्त्विक, ऐतिहासिक र | ❑ हाल विद्यार्थीहरूले पढ्दै आएको पाठ्यपुस्तकका अक्षरहरू कुन लिपिको हो भनी सोध्ने ।<br>❑ देवनागरीबाहेक नेपालमा प्रयोग हुने लिपि कहीं देखे वा पढेको बारे सोध्ने ।<br>❑ प्रचलित लिपि, रञ्जना लिपि र भूजिंमो लिपिबारे देखे सुनेको वा पढेको छ/छैन सोधी बोर्डमा टिप्दै जाने ।<br>❑ तीन ओटै लिपिको चार्ट देखाउँदै प्रष्ट्याउने ।<br>❑ नेपाल संयुक्त राष्ट्र सङ्घमा सदस्यताको निम्ति दर्ता गर्दा नेपालको लिपि भनेर कुन लिपिलाई किन प्रस्तुत गरिएको थियो? भनी सोध्ने, प्रष्ट्याउने ।<br>❑ ‘रञ्जना’ को शाब्दिक अर्थ सोध्दै प्रष्ट्याउने ।<br>❑ रञ्जना लिपि, प्राचीन लिपि भएको हुनाले यसको के के महत्त्व छ भनी छलफल गराउन समूहहरू गठन गर्ने । | – रञ्जना लिपिमा लेखिएका पत्रपत्रिकाका पृष्ठहरू, शिलालेख, ताम्रपत्र, भोजपत्र, ताडपत्र, कनकपत्र, आदिका तस्वीरहरू<br>– रञ्जना लिपि, प्रचलित लिपि र भुजिंमो लिपिका चार्टहरू<br>– भिडियो क्लिप्स् | – अवलोकन छलफलमा सहभागिता<br>– अध्ययन भ्रमणमा देखेका लिपिहरूको प्रस्तुति,<br>– रञ्जना लिपि अङ्कित विभिन्न पत्रपत्रिका, शिलालेख, अभिलेख आदिबाट बुझेको विषयमा केही अनुच्छेदहरू लेख्न लगाउने । | ५ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | सांस्कृतिक कला, सम्पदा सम्बन्धी अन्वेषण तथा अनुसन्धान कार्यको लागि औजारको रूपमा रहेको साझा राष्ट्रिय लिपि | विषयवस्तुमा छलफल केन्द्रित गराउन निम्न बुँदाहरू भएको शब्द पत्तीहरू र अन्य सम्बन्धित सामग्रीहरू समूहहरूलाई बाँड्ने :<br>• रञ्जना लिपिको पुरातात्त्विक महत्त्व, ऐतिहासिक महत्त्व, कला सांस्कृतिक सम्पदाको महत्त्व<br>• देवालय, चैत्य विहार, मठ–मन्दिरमा टाँसेका रञ्जना लिपिका शिलालेख, अभिलेख, ताम्रपत्र कनकपत्र, भोजपत्र, ताडपत्र आदिका तस्बिरहरू<br>• थ्या साँफु, कपडा वस्त्र, टोपी र अन्य वस्तुहरूमा छापेका रञ्जनालिपिका फोटोहरू<br>• बौद्धमार्गीहरूले घुमाउने हाते माने र ठूला ठूला घुमाउने मानेहरूका फोटोहरू जसमा रञ्जना लिपि कुँदेका हुन्छन् ।<br>• रञ्जना लिपिमा अङ्कित मन्त्र, ग्रन्थ र कुताक्षरका फोटोहरू<br>• पौभामा अङ्कित उक्त लिपिका फोटोहरू | | | |
| | | **रञ्जना लिपिको प्रयोग**<br>• बौद्ध हस्तलिखित साहित्य, सूत्र मन्त्र, धर्म ग्रन्थमा<br>• धार्मिक ऐतिहासिक सामान तथा वस्तुहरूमा<br>• गुम्बा चैत्य, विहार मठ–मन्दिर, देवालय र स्तम्भहरूमा | • रञ्जना लिपि अङ्कित शिलापत्र स्तम्भ, ताम्रपत्र, कनकपत्र, ताडपत्र, भोजपत्र भएका स्थानहरूको (गुम्बा, चैत्य, देवी–देवालयको मूर्तिहरू, मठ–मन्दिर, ढुङ्गेधारा, चट्टान अभिलेख, गुफा आदि) अवलोकन भ्रमण गराउने । त्यहाँ रहेको रञ्जना लिपि र अन्य लिपिहरूबारे जानकारी गराउने । तिनीहरूले के बताउन खोजेका हुन अर्थ्याउने प्रयास गर्ने । एउटा निश्चित खाका तयार पारेर परियोजना कार्य सम्पन्न गराउने ।<br>• बौद्धमार्गी र सम्बन्धितहरूसँग भएका धर्म दर्शनका ग्रन्थहरू, मन्त्र, सूत्रहरू घुमाउने ठूलो र साना मानेहरूमा प्रयोग भएका लिपिहरूबारे भ्रमणकै सिलसिलामा सम्भव भएसम्म देखाउने । | | • विशेष गरी रञ्जना लिपिको प्रयोग कहाँ कहाँ गरिन्छ ? | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | • ढुङ्गा, कागज, कपडा–वस्त्र, काठ धातुका पाताहरूमा<br>• सालिक स्तम्भ मूर्ति गुफामा<br>• पुस्तक, थ्या साँफु, पत्रपत्रिका, पेशा व्यवसाय व्यापारिक साइनबोर्डहरूमा<br>• भोजपत्र, ताडपत्र, पौभा चित्र, लेटर पाय्डमा | • जेष्ठ नागरिकहरूलाई बोलाएर वा सम्बन्धित ठाउँमै भेटेर वा लिपि विज्ञहरूसँग ती लिपिहरूबारे छलफल गर्ने र लिपिले बताउन खोजेका कुराहरू अर्थ्याउने क्रियाकलाप गर्ने ।<br>• नेवारहरूको चाड पर्व रीतिथितिमा रञ्जना लिपि कहाँ कसरी प्रयोग भएको छ छलफल गराउने ।<br>• राष्ट्रिय अभिलेखालय, चित्र सङ्ग्रहालयको शैक्षिक भ्रमण गराई, थ्या साँफु, सरसामान, वस्तु, वस्त्र (कपडा) मा अङ्कित रञ्जना लिपि कहाँ कसरी प्रयोग भएको छ जानकारी गराउने ।<br>• अनुसन्धान अन्वेषण, अध्ययनमा तिनको महत्त्व के होला, छलफल गराउने ।<br>• भक्तपुर नगरपलिकामा कुन कुन सङ्घ संस्थाका साइन बोर्ड, विज्ञापन लेटरपाय्ड हेड रञ्जना लिपिमा अङ्कित छन् सोको सोधखोज गरी कक्षामा प्रस्तुत गर्न लगाउने । | | | |
| | | **रञ्जना लिपिको फैलावट :**<br>– नेपाल र नेपालबाहिर | • यो रञ्जना लिपि नेपाललगायत दक्षिण पूर्वी एशियाका कुन कुन देशहरूमा कहाँ कसरी प्रयोग भएको छ ? यसले नेपालको पहिचान कसरी गराएको छ ? Video Clips, Picture, Poster देखाई प्रष्ट्याउने । | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **४.**<br>(घ) तामाङ भाषामा सामान्य कुराकानी | तामाङ भाषामा कुनै ठाउँमा पुग्नको लागि पथप्रदर्शन गर्न । | ❑ ल्हास्सो ज्योज्यो !<br>– (नमस्ते दाजु ।)<br>❑ ल्हास्सो आङा ! हानङ ब्रास्युगे लाबा ?<br>– (नमस्कार बहिनी । कता हिँड्न लाग्नुभएको ?)<br>❑ खोबङ क्यान्सर अस्पतालरी निलाबा ।<br>– (भक्तपुर क्यान्सर अस्पताल हिँडेकी ।)<br>❑ ज्योज्यो, थे अस्पताल हानङ मुला ?<br>– (दाजु, त्यो अस्पताल कहाँ छ ?)<br>❑ आन्हेम कादे थारेङ मुला ?<br>– (अनि कति टाढा छ ?)<br>❑ ल्हाना थारेङ आरे, मिनेट च्युरिन दोमुला । | ❑ विषयवस्तुमा रहेको कुराकानीको चार्ट देखाउँदै देब्रेतिरको कोलममा तामाङ भाषा र दाहिनेतिरको कोलममा त्यसअनुरूप नेपाली भाषामा उल्था गरिएको कोलम शब्द र वाक्यसँग दाँजेर तामाङ शब्दावलीहरूको अर्थ खुलाउने ।<br>❑ एकातिर चार्टमा उल्लेख गरिएका तामाङ भाषाका शब्दहरू र अर्कापट्टि तदनुरूपको नेपाली शब्दहरू लेखिएका फ्लास कार्डहरू ओल्टाई–पल्टाई विद्यार्थीहरूलाई देखाउने र तामाङ शब्दहरूलाई नेपालीमा अर्थ्याउन लगाउने ।<br>❑ भक्तपुर नगरपालिकाले प्रकाशित गरेको नगरको ठुलो नक्सालाई बोर्डमा टाँस्ने ।<br>❑ विद्यार्थीहरूको ध्यानाकर्षण गर्ने तरिकाले एउटा लठ्ठी वा प्वाइन्टर (Stick, Laser Pointer) को मद्दतद्वारा नक्सामा दरबार स्क्वायर रहेको ठाउँलाइ इङ्गित गर्दै अहिले हामी यहाँ छौँ भन्ने मानौँ । त्यहाँबाट भक्तपुर क्यान्सर अस्पताल कति टाढा छ र कसरी पुग्ने भन्नेबारे सुरुमा नेपाली भाषामा वर्णन गर्दै लठ्ठीले देखाउँदै गन्तव्यस्थलसम्म पुऱ्याउने ।<br>❑ दुई जना तामाङ भाषाभाषीका विद्यार्थीहरूलाई अगाडि बोलाउने । एकजनाले लठ्ठीले नक्सामा इङ्गित गरी शिक्षकले बाटो देखाए जस्तै अर्को विद्यार्थीलाई गन्तव्यस्थल (भक्तपुर क्यान्सर अस्पताल) सम्म पुऱ्याउन सुरुमा कुराकानी चार्टको नेपाली पाटो प्रयोग गर्ने ।<br>❑ एकजना केटो दाइ बन्ने र अर्को केटी बहिनी बनेर हाउभाउका साथ भूमिका अभिनय (Role play) गराउने ।<br>❑ दोस्रो पटक पनि तिनै दुई विद्यार्थीबीच चार्टमा उल्लेख गरिए बमोजिमको कुराकानी गर्न लगाउने । तर नेपाली भाषाको कोलम कार्डबोर्ड sheet ले छोप्ने र तामाङ भाषाको कोलम मात्रै प्रयोग गरी तामाङ भाषाबाटै उक्त कुराकानीको role | – चार्ट<br>– शब्दपत्ती<br>– मोबाइल<br>– फ्लासकार्ड<br>– कार्डबोर्ड शीट (sheet)<br>– नक्सा<br>– प्वाइन्टर वा लठ्ठी | ❑ अवलोकन ।<br>❑ कुराकानी चार्टको नेपाली भाषाको कोलम छोपी केही तामाङ शब्द, वाक्यांश र वाक्यहरूको नेपालीमा अर्थ्याउन लगाउने । | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | – (धेरै टाढा छैन, दश मिनेटमै पुगिन्छ ।)<br>❑ धात्ते ङानी दरबार स्क्वायररी मुला ।<br>– (अहिले हामी दरबार स्क्वायरमा छौँ ।)<br>❑ चु नक्सा स्हीगो त, चुग्याम्से सिधा न्हुपपटि सेगो ।<br>– (यो नक्सा हेर्नुस् त, यहाँबाट सिधा पश्चिमतिर जानुस् ।)<br>❑ हानङ दोना / धोना नि ?<br>– (कहाँसम्म जाने ?)<br>❑ चु गुह्यपोखरी ध्योइ हिन्ना ।<br>– (यो गुह्यपोखरी हो ।)<br>❑ चुला ल्होन्हुपपटिला मुबा म्राप वाइगो ।<br>– (यसको दक्षिण पश्चिमतिर रहेको ढोका नाघ्नुहोस् ।) | play गराउने ।<br>❑ तेस्रो पटक गराउँदा एकजना तामाङभाषीको र अर्को अन्य भाषीको विद्यार्थीलाई त्यही कुराकानीको role play गराउने ।<br>❑ चौथोपटक role play गराउँदा दुवै विद्यार्थी गैर तामाङ भाषाका बोलाएर गर्ने ।<br>❑ ती सबै role play को भिडियो बनाउने र आवश्यक पृष्ठपोषण (Feedback) शिक्षकले र विद्यार्थी दुवैले दिने ।<br>❑ उत्कृष्ट Role play को पुनः दोहोऱ्याउन लगाउने । हौसला र प्रशंसाबाट तामाङ भाषा बोल्न विद्यार्थीलाई प्रेरित गर्ने । | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) |
| --- | --- | --- |
| | | ❑आन्हेम ?<br>– (अनि ?)<br>❑ दायाँपट्टी टेलिकमला अफिस हाला ।<br>– (दायाँपट्टि टेलिकमको अफिस आउँछ ।)<br>❑ थेलिच्छा हानङ निसेदा ?<br>– (त्यसपछि कता जाने ?)<br>❑ रेच्छकि लिच्छा चु ग्यालम हाला ।<br>– (एकै क्षणमा पीचको यो दोबाटो आउँछ ।)<br>❑ थेग्याम्से चोरोङलासी ज्याङरिक्यार फाप्को ।<br>– (त्यहाँबाट यसरी उत्तरतिर झर्नुहोस् ।)<br>❑ मिनेट ङीरितेन पीच ग्यालमरितेन बायाँरिक्यार खोबङ क्यान्सर अस्पताल स्यापला ।<br>– (दुई मिनेटमै पीच बाटैमा बायाँतिर भक्तपुर क्यान्सर अस्पताल भेटिन्छ ।)<br>❑ कोल्छेन सेगो या !<br>– (बिस्तारै जानुहोला ल !)<br>❑ या, थुजेछे ह्राङ ता ।<br>– (हस् धन्यवाद तपाईंलाई !) |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **५. व्यावहारिक तथा जीवनोपयोगी शिक्षा** | १. सामान्य कानुनहरू बताउन । | (क) सामान्य कानुन (दैनिक जीवनमा प्रयोग हुने) । | ❑ मानिसहरूले के गर्न हुने र के गर्न नहुने विषयमा छलफल गर्ने ।<br>❑ गर्न नहुने कार्य किन गर्न नहुने त्यसले कसकसलाई हानि नोक्सानी गर्छ ? यसरी हानि नोक्सानी भएको कसले हेर्छ ? जस्ता विषयमा छलफल गरी कानुनको परिचय दिने ।<br>❑ मानिसले समाजमा गर्न हुने र नहुने कार्यहरू छुट्याएको हुन्छ र गर्न नहुने कार्यको लागि विभिन्न नीति नियमहरू सरकारले बनाएको हुन्छ जसलाई सबैले पालन गर्नुपर्ने विषय विद्यार्थीहरूलाई जानकारी गराउने ।<br>❑ यससँगै सामान्य दैनिक जीवनमा लागू हुने कानुनको बारेमा जानकारी गराउने । | कानुनी शब्दपत्तीहरु | १. हामीले सामान्य कानुनहरु किन जान्नुपर्दछ ? | २ |
| | २. पारिस्थितिक प्रणालीका बारेमा भन्न । | (क) पारिस्थितिक प्रणाली (Ecological Ecosystem)<br>– प्रारम्भिक चरण<br>– सजीव र निर्जीवबिचको सम्बन्ध | ❑ हाम्रो समाज मानिस, अन्य प्राणी तथा बोटविरुवा र प्राकृतिक वातावरण क्षेत्रको आपसी सम्बन्धले अगाडि बढिरहेको जानकारी गराउँदै त्यस सम्बन्धमा असर पारेमा वातावरणमा असर पर्ने जानकारी गराउने ।<br>❑ यसरी एक आपसको सम्बन्धमा असर पार्ने विभिन्न तत्त्वहरूको जानकारी गराउँछ। त्यसमा फरक आएमा वातावरणमा असर पार्ने तथ्य जानकारी गराउँदै वातावरण प्रदूषणको अवधारणाको जानकारी गराउने ।<br>❑ वातावरण प्रदूषणको अवधारणासँगै वातावरणमा सजीव र निर्जीव वस्तुहरूबीचको एक आपसको सम्बन्धबारे स्पष्ट बताइदिने ।<br>❑ वातावरण प्रदूषणका कारणहरू र निवारणका उपायहरूबारेमा छलफल गर्ने ।<br>❑ वातावरण प्रदूषणका कारणहरू र निवारणका उपायहरूको प्लेकार्ड बनाई प्रदर्शन गर्ने । | पारिस्थितिक प्रणालीका चित्रहरु | २. हाम्रो वातावरणमा रहेका सजीव र निर्जीव वस्तुहरुको सम्बन्ध उल्लेख गर्नुहोस् । | १ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | ३. आफ्नो अधिकार, दायित्व र कर्तव्य बताउन । | (क) बालअधिकार र मानव अधिकार – अधिकारको साथसाथै कर्तव्य र दायित्व | ❏ मानव भई जन्मेपछि उसले जन्मसिद्ध पाउने अधिकारहरू के के हुन् त्यसबारेमा छलफल गर्ने र अधिकार सँगसँगै मानिसको कर्तव्य र उत्तरदायित्वबारे पनि छलफल गर्ने ।<br>❏ अधिकार माग्ने व्यक्तिले कर्तव्य र उत्तरदायित्व पनि निभाउनुपर्ने विषय स्पष्ट बनाउने ।<br>❏ त्यसै गरी बाल अधिकारको विषयमा पनि छलफल गरी यसको आवश्यकताबारेमा स्पष्ट पार्ने र बालबालिकाको दायित्व विषयमा पनि छलफल गरी अधिकार र दायित्व एक अर्काको परिपूरक भएको बारेमा स्पष्ट बनाइदिने । | बालअधिकार, कर्तव्य र दायित्वको प्लेकार्ड | ३. बालअधिकार भनेको के हो ? उनीहरुको कर्तव्य र दायित्व पनि उल्लेख गर्नुहोस् । | |
| | ४. सामाजिक सन्जालको सकारात्मक र नकारात्मक विषयहरू प्रस्तुत गर्न । | (घ) साइबर अपराध तथा सामाजिक सञ्जाल | ❏ कक्षामा रहेका सम्पूर्ण विद्यार्थीहरूको सामाजिक सञ्जालमा आफ्नो छुट्टै खाता भए नभएको जानकारी लिने ।<br>❏ यसरी सामाजिक सञ्जालमा आफ्नो छुट्टै खाता खोल्दा अपनाउनुपर्ने terms and conditions बारे आवश्यक छलफल गर्ने ।<br>❏ सामाजिक सञ्जालमा राख्न हुने तथा राख्न नहुने विषयवस्तुबारे कक्षामा छलफल गराई एकपटक सामाजिक सञ्जालमा राखेका विषयवस्तुहरू कहिल्यै नमेटिने जानकारी गराउँदै कुनै फोटो वा भिडियो अपलोड गर्दा ध्यान दिनुपर्ने विषयमा विद्यार्थीहरूलाई स्पष्ट गर्ने ।<br>❏ साइबर अपराधबारे छलफल गरी के के विषय सामाजिक सञ्जालमा राख्दा साइबर अपराध हुने र त्यसको सजाय विषयमा सामान्य छलफल गर्ने ।<br>❏ सकिन्छ भने साइबर अपराधबारे जानकारी व्यक्ति कक्षामा ल्याएर विद्यार्थीहरूलाई कक्षा लिन लगाएर अझै स्पष्ट बनाउने । | सामाजिक सञ्जालका सकारात्मकर नकारात्मक उल्लेख फ्लास कार्ड | ४. सामाजिक सञ्जालका सकारात्मक पक्षहरु उल्लेख गर्नुहोस् । | २ |

कक्षा : ८

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | ५. छिकोङ व्यायाम गर्न । | (क) छिकोङ व्यायाम | ❑ व्यायाम र शारीरिक तन्दुरुस्ती बीचको सम्बन्धबारे छलफल गरी व्यायामबारे जानकारी गराउने ।<br>❑ व्यायामअन्तर्गत शारीरिक, श्वासप्रश्वास, योग, ध्यान, जस्ताको जानकारी गराउँदै विभिन्न श्वासप्रश्वास सम्बन्धी क्रियाकलापबारेमा विद्यार्थीहरूलाई जानकारी गराउने ।<br>❑ कक्षामा नै श्वासप्रश्वास सम्बन्धी विभिन्न क्रियाकलापहरू गराउने र त्यसका फाइदाहरूबारेमा जानकारी गराउने ।<br>❑ छिकोङ व्यायामबारेमा जानकारी गराउँदै त्यससँग सम्बन्धित केही व्यायाम विद्यालयमा नै गराउने वातावरण तयार गर्ने । | छिकोङव्यायामका तस्वीरहरु | ५. छिकोङ व्यायाम गरेर देखाउनुहोस् । | २ |

## कक्षा : ८

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **६. स्थानीय विविध संस्कृति** :<br>(क) बुरांज्या | १. सुरुमा हाकुवा (कालो धान) कसरी बन्न गयो भन्ने ऐतिहासिक पृष्ठभूमि सम्बन्धी व्याख्या गर्न । | (क) हाकुवा बन्न आएको इतिहास | १. तपाईंहरू सबैले खेतमा धान फलेको र काटेर सुकाइसकेपछि कुन रङ्गको हुन्छ ? धेरैजसो धान सुनौलो रङ्गको हुने कुरा बुझाइदिनुहोस् ।<br>❑ तपाईंहरूमध्ये कसले कसले कालो धान (हाकु वा) देख्नुभएको छ ? धेरैले नदेखेको हुने हुँदा व्याख्या गरी बुझाइदिनुहोस् :<br>– कालो धान कसरी बन्न आयो भन्ने ऐतिहासिक तथ्यलाई केलाउँदा धेरै वर्ष पहिले भक्तपुरलाई तिब्बतबाट हमला हुने कुरा चाल पाई काट्न लायक धानबाली हमला भए नास गरिदेला भन्ने डरले धानको बालासमेत काटी विभिन्न चाल नपाउने गरी थुपार्दै छोपेर राखे । लडाइँ सकेपछि छोपिराखेका धानका बाला (वता) लाई पल्टाई हेर्दा धान कालो भइहेको र उक्त धानको चामल खाइहेर्दा स्वादिलो पाएकोले त्यस समयबाट कालो धान बनाउने तरिकाको ज्ञान भै सुरु गरेको जनमानसको विचार सुन्न पाइन्छ । | | | ५ |
| | २. हाकुवा (कालो धान) बनाउने प्रक्रियाको वर्णन गर्न । | (क) किसानहरूले हाकुवा बनाउने तरिका । | १. बोर्डमा प्रश्न लेखिदिनुहोस् : कालो धान कसरी बनाइन्छ ? विद्यार्थीको विचार सुनिसकेपछि कालोधान बनाउने प्रक्रिया सम्बन्धमा ख्वपको पहिचान भाग १ को 'बुरांज्या' पाठ शीर्षकको सहयोग लिनुभई बुझाइदिनुहोस् । | बुरांज्याको फोटो किताबबाट देखाइदिनुहोस् । | १. धान कसरी कालो बन्छ ? | |
| | ३. बुरांज्या र वाखास्येको अर्थ बताउन । | (क) बुरांज्या र वाखास्ये शब्दको अर्थ | १. विशेष किसिमको खर्पन (गः कोल्ह) मा धान केराको बोट, उखुको बोट, फूलहरू, रातोसेतो तुलबालाले सिँगार्दै खर्पन बोकी पङ्क्तिबद्ध लावालस्कर भै रमाउँदै करुणामयको गीत गाउँदै परिक्रमाको क्रममा ठाउँ ठाउँमा वाखास्ये वाखास्ये भन्दै घुम्न आएको कसैले देख्नुभएको छ ?<br>– आजभोलि यस चलन हराउँदै गएकोले नदेखेको पनि हुन सक्छ। यसैले बुरांज्या पाठशीर्षकबाट अर्थ राम्रो बुझाइदिनुहोला । | | २. वाखास्येको अर्थ व्याख्या गर्नुहोस् । | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | ४. हाकुवा चामलको स्वाद र पौष्टिक तत्त्वको व्याख्या गर्न । | (क) हाकुवामा भएका गुणका कारण रोगीलाई समेत ख्वाउन मिल्ने । | १. ताइच्यून चामल चिनी रोगीलाई ख्वाउन मिल्छ कि मिल्दैन ? सबैलाई ख्वाउन मिल्ने चामल कुन हो ? यी प्रश्नहरूलाई लिएर छलफल पछि यी भनाइ राखिदिनुहोस् :<br>कालो धानको चामल स्वादिलो, पोषिलो मात्र नभै कुहेको गुन्द्रुकमा मिनरल पाएजस्तै यसमा पनि मिनरल समेत पाइने हुँदा यस चामल सुत्केरी लगायत बिरामीहरूलाई ख्वाउन मिल्छ । अझ यसको भात सुत्केरीलाई ख्वाउन सके शिशुको लागि पोषिलो प्रशस्त दूध आउने कुरा अनुभवीहरूबाट सुन्न पाइन्छ । | | | |
| | ५. हाकुवा उत्पादन संस्कृतिलाई बचाउने उपायको खोजी गर्न । | (क) उब्जनीमा मात्र खर्च र ध्यान दिनुपर्ने । | १. हाकुवाको उब्जनी ह्रास हुँदै शून्य अवस्थामा पुग्न लागे कसरी बचाउने ?<br>– यस प्रश्नलाई लिएर विद्यार्थीलाई पनि सोच्ने मौका दिनुभै छलफल गर्नुहोस् । विद्यार्थीले दिएका उपायहरू बोर्डमा लेख्दै जानुहोस् । तपाईंको उत्तर :<br>१. हाकुवा उब्जनी निरन्तरताको लागि ध्यान दिनुपर्ने कुराहरू :<br>– धानको बालालाई चाङ मिलाएर (वता) राख्ने ।<br>– ८ देखि १२ दिन छोप्दै राख्ने काम ।<br>– चोरीबाट बचाउन आफूले ध्यान पुऱ्याउन सक्ने ठाउँमा व्यवस्था गर्नुपर्ने ।<br>२. बुरांज्याअन्तर्गत घरमूलीले पूजा गर्ने सम्ये भ्वय् ख्वाउने चलन र वाखास्ये कार्यक्रम नगरी कालो धानको उब्जनीमा मात्र ध्यान दिनुपर्ने । | | ३. वाखास्ये संस्कृतिबाट के धानको उब्जनी बढ्छ ? | |

**सहायक सामग्री : ख्वपको पहिचान भाग १, पृष्ठ ७**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ६.<br>(ख) गुरु पूर्णिमा | १. गुरु शब्दको अर्थ र गुरुको महत्त्व बताउन । | (क) गुरु शब्दको अर्थ दिने अरू शब्दहरू र गुरुको महत्त्व | १. गुरु शब्दको अर्थ दिने शब्दहरू के के छन् ?<br>– विद्यार्थीहरूसँग सोध्दै बोर्डमा लेख्दै जानुहोस् । यी शब्दहरू नछुटोस् : गुरु शिक्षक, प्रशिक्षक, अध्यापक, प्राध्यापक, प्राचार्य, आचार्य, उपाध्याय, सहजकर्ता, सर, मायडम, मिस, आमाबाबु आदि ।<br>२. तपाईंको जीवनमा आजसम्म कतिजना गुरु, गुरुमाँहरूले के के विषयहरू सिकाउनुभएको याद गराउँदै कुनै दसजनाको नाम र विषय लेख्न लगाउनुहोस् ।<br>– सबैको उत्तर कक्षामा प्रस्तुत गर्न लगाई गुरुको महत्त्वलाई स्पष्ट पारिदिनुहोस् ।<br>"व्यक्तिको विकास, समाजको विकास र राष्ट्रको विकासमा गुरुको अति महत्त्वपूर्ण भूमिका रहेको हुन्छ, गुरु भनेको आफू जलेर सबैलाई उज्यालो छर्ने महान व्यक्ति हो ।" | | १. राष्ट्रको विकासमा गुरुको योगदान सम्बन्धी लेख्न लगाउनुहोस् । | |
| | २. गुरु पूर्णिमालाई व्यास पूर्णि (जयन्ती) पनि भन्नुको कारण बताउन । | (क) व्यासको परिचय, योगदान,<br>– वेद व्यास नामकरण,<br>– व्यास पूर्णि हुन गएको कारण | १. छलफलको लागि प्रश्न बोर्डमा लेख्नुहोस् र छलफल गर्नुहोस् ।<br>"लोकप्रिय ग्रन्थ वेदलाई अध्ययन गर्न सजिलो बनाउने र महाभारत ग्रन्थ लेख्ने विद्वत ऋषिको नाम कसलाई कसलाई थाहा छ भन्नुहोस् ।"<br>– विद्यार्थीहरूको उत्तर सुनिसकेपछि निम्न तथ्यको आधारमा स्पष्ट पारिदिनुहोस् ।<br>"विद्वत महर्षि व्यासले महाभारतलगायत अन्य ठूल्ठूला ग्रन्थहरू पनि रचना गरेका थिए । त्यस्तै प्रारम्भमा देखापरेका वेद ग्रन्थ एउटै ग्रन्थमा सबै कुरा समावेश गरिएको हुँदा अध्ययन गर्न गाह्रो थियो । त्यसलाई सजिलो बनाउन ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद नामबाट वेदलाई चार भागमा विभाजन गरी अध्ययन गर्न सरल | ऋषिको फोटो | २. महर्षि व्यास ऋषिलाई वेदव्यास भन्नुहो कारण लेख्नुहोस् । | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | बनाइएकोले व्यास महर्षिको नाम नै 'वेदव्यास' कहलिएको हो । उहाँको विद्वतालाई कदर गरी गुरु पूर्णिलाई 'व्यास पूर्णिमा' वा व्यास जयन्ती पनि भन्ने गरिएको हो ।" | | | |
| | ३. गौतम बुद्धलाई सामाजिक प्राणीहरूलाई पञ्चशील पालन गराई नैतिक चरित्र सिकाउने गुरुको रूपमा मान्ने कुरा वर्णन गर्न । | (क) शील शब्दले नियम, पञ्चशील पाँचवटा जीवनोपयोगी नियमहरू | १. गौतम बुद्धको जन्मस्थल कहाँ हो ? वहाँको बारेमा कसलाई के के कुाको जानकारी छ ? छलफलपछि शिक्षकले व्याख्या गर्नुहुँदा यी कुराहरू नछुटोस् :<br>"मानिस सामाजिक प्राणीको नाताले समाजको विकास नैतिक चरित्रको विकासविना सम्भव हुँदैन । नैतिक चरित्रको विकासको लागि पञ्चशील पालनको आवश्यकता हुन्छ ।"<br>पञ्चशील भन्नाले पालन गर्नुपर्ने पाँच वटा नियमहरू हुन् :<br>१. झुटो नबोल्नु<br>२. चोरी नगर्नु<br>३. लागूपदार्थको सेवन नगर्नु<br>४. व्यभिचार नगर्नु<br>५. प्राणी हिंसा नगर्नु । | | ३. विद्यार्थीको चरित्र निर्माणमा पञ्चशीलको विशेष महत्त्व राख्दछ ? व्याख्या गर्नुहोस् । | |
| | ४. बुद्धिस्टहरू गुरु पूर्णिलाई धर्म चक्र प्रवर्तन दिवसको रूपमा मनाउनुको कारण बताउनु | (क) बोधि ज्ञानले बुद्ध जन्माए । | १. सिद्धार्थ राजकुमारलाई के कुरा प्राप्तपछि गौतम बुद्ध कहलिएको हो ? छलफलपछि स्पष्ट व्याख्या गरिदिनुहोस् : "सिद्धार्थ २९ वर्षको उमेरमा मानव जातिको जन्ममरणको समस्याबाट छुट्कारा पाउने उपाय खोज्ने क्रममा ६ वर्षसम्म वनमा तपस्या गरी बोधिज्ञान प्राप्तिपछि मात्र गौतम बुद्ध नाम कहलिएको हो ।"<br>– आफूले प्राप्त गरेको बोधि ज्ञानलाई मानव समाजलाई बोध गर्दै जाने क्रममा तपस्या गर्न जाँदा भेटेका पाँच जना ऋषिहरूलाई सम्पर्क राखी सर्वप्रथम आषाढ पूर्णिकै दिन धर्मोपदेश गरेको दिन भएकोले सो दिनलाई "धर्म चक्र प्रवर्तन दिवस" को रूपमा लिएको हो । | | ४. गुरु पूर्णिलाई धर्मचक्र प्रवर्तन दिवस किन भनियो ? वर्णन गर्नुहोस् । | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ६.<br>(ग) भ्व भ्वय्: | १. भ्वः भ्वय्को धारणा दिन । | (क) भ्वः भ्वय्को परिचय | १. नेवार संस्कृतिअनुसार लपतेमा (लपेस) चिउरा राखेर भोज कसले कसले खानुभयो ?<br>❑ त्यो भोज कहाँ बसेर के के परिकारहरू (सिटम) राख्न ल्याएको सम्झेर साथीहरूलाई सुनाइदिनुहोस् ।<br>– सबैको यादगार सुनिसकेपछि भ्वः भ्वय्को धारणा दिइदिनुहोस् ।<br>– भ्वः भ्वय् नेवारी शब्द हो । भ्वःको अर्थ लाइनबद्ध भै बस्न र भ्वय्को अर्थ भोज हो ।<br>– भ्वः भ्वय्का वास्तविक अर्थ हो भोजमा आउनुभएका परिवारहरूमा ज्येष्ठताको आधारमा लाइनबद्ध भै भुइँमा बिछ्याइएको सुकुल वा अन्यमा बसी खाने भोज हो । | भ्वः भ्वय् खाइरहेको तस्वीर | | ५ |
| | २. भोजमा प्रयोग गरिने विभिन्न परिकारहरू (ब्व घासाहरू) को वर्णन गर्न । | (क) कम र बढी परिकार प्रयोग गर्ने विभिन्न भोजहरू । | १. तलको प्रश्नको परिवारसँग सोधेर लेख्ने गृहकार्य दिनुहोस् र लेखेर ल्याएपछि कक्षामा छलफल गरी भोजमा प्रयोगमा आउने परिकार (ब्वःघासा) सम्बन्धी स्पष्ट पारिदिनुहोस् ।<br>**प्रश्न (क)** विभिन्न पर्व भोज, उत्सव भोज, पूजाआजा भोज र मृत्यु संस्कार भोजमा के केमा फरक पाउनुभएको छ ? | | १. भोजमा प्रयोग गरिने आठ प्रकारका परिकारहरूको नाम लेख्नुहोस् । | |
| | ३. नेवारको पहिचान र मौलिक भ्वय् स्युकाया भ्वय्को वर्णन गर्न : | (क) बली दिएका भोजहरूमा स्यु प्रसाद सुस्वास्थ्य र प्रगतिको कामना गरी दिने चलन । | १. प्रश्न बोर्डमा लेखी सोध्नुहोस् : "स्यु शब्दको अर्थ के हो ?" उत्तर सुनिसकेपछि शिक्षकले व्याख्या गरिदिनुहोस् : "स्यु नेवारी भाषाको शब्द हो । यो देवीदेवतालाई बलि दिएको बोकाको र हाँसको टाउकोलाई जनाउँछ । यी बलि दिइएका पशुको टाउकोलाई आठ भागमा बाँडी भोजको अन्त्यमा घरका मूलीहरूलाई उमेर र मर्यादाअनुसारको क्रमबद्ध बसाइमा घरका जेठी बज्यै वा आमा वा भाउजूबाट प्रसादको रूपमा स्यु बाँड्ने भोजलाई 'स्यु काया भ्वय्' भनिन्छ । यो नेवार जातिको मौलिक पहिचान भोज हो ।" | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | – स्यु सम्बन्धी थोरै जानकारी बोर्डमा लेखेर गरिदिनुहोस् ।<br>बलिको बोकाको स्यु<br>१. दायाँ आँखा र बायाँ आँखा पर्ने गरी – २ भाग स्यु<br>२. दायाँ कान र बायाँ कान पर्ने गरी – २ भाग स्यु<br>३. नाक (थुतुनो) – १ भाग स्यु<br>४. जिब्रो – १ भाग स्य<br>५. दायाँ बङ्गारा र बायाँ बङ्गारा पर्ने गरी – २ भाग स्यु<br>कुनै कुनै समयुदायमा पुच्छरलाई पनि स्यु मानी घरको नकींलाई दिने चलन छ । | | २. बोकाको टाउकोलाई आठ भाग स्यु कुन कुन अङ्ग पर्ने गरी बनाइन्छ ? नाम लेख्नुहोस् । | |
| | | | – भोजमा प्रयोग परिकारलाई लिएर यी भनाइ पनि राखिदिनुहोस् :<br>(क) विभिन्न पर्व भोज : दशैं, तिहार, तीज, योमरी, पुन्ही, आदि यस भोजमा आफ्नो आफ्नो परिवार मिलेर खाने भोज हुँदा परिवारको रूचिलाई पनि ध्यान दिने हुँदा धेरै हैन ठिक मात्रामा परिकार प्रयोग गर्दछन् ।<br>(ख) उत्सव भोज : विवाह, भीमरथारोहण, पास्नी, गुफा, व्रतबन्ध, विवाह वर्षको उत्सव आदि भोजमा सबभन्दा बढी परिकार प्रयोग गरी आफ्नो आफ्नो सान देखाउन खोज्ने हुन्छ ।<br>(ग) पूजाआजा भोज (लसता भ्वय्) : गुठीगाना, देवालीपूजा, पञ्चबली पूजा, आदि भोजमा बलि दिएको पूजामा पोलेको मासु (हाकु छोयला) अनिवार्य राखेकै हुन्छ । अन्य ठिक मात्राको परिकारको व्यवस्था गरेको हुन्छ ।<br>(घ) मृत्यु संस्कार भोज : लोचा (लकचा) भ्वय्, घःसु भ्वय्, खुला, दकिला (वार्षिकी), भ्वय्: यस प्रकारको भोजमा फर्सीको परिकार अनिवार्य हुन्छ । अन्य परिकारमा नभै नहुने केही परिकार मात्र हुन्छन् । | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | ४. भ्वः भ्वय्को मर्यादित र अनुशासित चलन, यसका फाइदाहरू र यसलाई बचाइराख्ने उपायहरू बताउन । | (क) मर्यादित अनुशासित भोज भ्वः भ्वय् देखिन्छ भने छाडुवा भोजको रूपमा बफेलाई तुलना गर्न सकिन्छ । | १. निम्नलिखित प्रश्नको तुलनात्मक उत्तर लेख्ने काम केही प्रतिशत (मार्क) अङ्कसहितको प्रयोजन कार्य (Project Work) को रूपमा परिवारसँग सोधेर लेख्नको लागि प्रश्न बोर्डमा लेखी सार्न दिनुहोस् :<br>**प्रश्नहरू**<br>(क) भ्वः भ्वय् र बफे डिनरको अर्थ लेख्नुहोस् ।<br>(ख) दुवैको बसाइ व्यवस्था<br>(ग) दुवैमा परिकार (सितन) सेवाको व्यवस्था<br>(घ) दुवैमा पेयको व्यवस्था<br>(ङ) कुन भोजमा अनुशासित, मर्यादित, मितव्ययी र आफ्नो मौलिक परम्परा देखिन्छ ? कसरी ?<br>(च) भ्वः भ्वय् नेवार समुदायले छोड्दै गएको पाइन्छ । त्यसलाई बचाइराख्ने उपाय लेख्नुहोस् । | | | |

**सहायक सामग्री : ख्वपको पहिचान भाग २, पृष्ठ ७४**

## कक्षा : ८

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **७. प्रचलित स्थानीय संस्कारहरू**<br>(क) मूर्त र अमूर्त सांस्कृतिक सम्पदा | १. मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको उदाहरण–सहितको अर्थ बताउन ।<br><br>२. अमूर्त सांस्कृतिक सम्पदाले मूर्त सांस्कृतिक सम्पदाको निर्माणमा अहम् भूमिका खेल्ने कुरा वर्णन गर्न । | (क) मूर्त र अमूर्त सम्पदाका अर्थ, भिन्नता र उदाहरणहरू<br><br>(ख) अमूर्त सांस्कृतिक सम्पदाको विकासविना मूर्त सम्पदाको विकास असम्भव । | १. मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको चार–चारओटा उदाहरण लेख्न दिनुहोस् ।<br>– विद्यार्थीहरूले लेखेका उदाहरण बोर्डमा टिप्दै जानुहोस् । ठिक छ छैन सुधार्ने काम विद्यार्थीकै जिम्मा लगाउनु अघि विशिष्ट उद्देश्यमा उल्लिखित अर्थ व्याख्या गरिदिनुहोस् ।<br>– "मूर्त शब्दले देख्न र छुन मिल्ने भन्ने अर्थ दिन्छ ।<br>– अमूर्त शब्दले नदेखिने र छुन नमिल्ने अर्थ दिन्छ ।<br>– सांस्कृतिक शब्दले मन्दिर, विहार, घर, औजारहरू, भाडावर्तन, शिलालेख, आदि जनाउँछ ।<br>– अब "मूर्त" सांस्कृतिक सम्पदाको अर्थ्याउँदा : "निश्चित आकारप्रकारको देख्न सक्ने, मानव जीवनसँग सम्बन्धित पहिलेदेखि नै प्रचलनमा आइरहेको भौतिक वस्तुबाट निर्मित मन्दिर, विहार, पौवापाटी, डबली, घर, भाडावर्तन, औजार, शिलालेख, पाण्डुलिपि, वाद्यवादन, आदि सबै हुन् ।<br>– अमूर्त सांस्कृतिक सम्पदा भन्नाले देख्न नसक्ने, छाम्न नमिल्ने, मानिसका बुद्धि विवेक, सोच, संस्कार, योजना, रीतिरिवाज, चालचलन, बौद्धिक चिन्तन, धर्म, भाषा, गीत सङ्गीत, साहित्य आदिलाई लिन सकिन्छ ।<br>– अर्को व्यावहारिक उदाहरण – "नवदुर्गा देवीहरू र नवदुर्गाघर मूर्त सम्पदा हो भने नवदुर्गा मन्दिरमा हुने पूजाआजा रीतिस्थिति वा घटनाको प्रतीकको रूपमा प्रस्तुत गरिने नवदुर्गा नाच अमूर्त सम्पदा हुन् ।<br>१. एउटा मन्दिरको निर्माण गर्नुपर्‍यो भने निर्माण प्रक्रियामा के के पर्दछन् ? छलफल गर्नुहोस् ।<br>– छलफलमा आएका विभिन्न प्रक्रियाहरूलाई मूर्त वा अमूर्तमा छुट्याउन लगाउनुहोस् । उदाहरणको रूपमा निर्माण पूरा | १. मन्दिर वा मठ, विहार वा चोक वा पाटीपौवा आदिको कुनै पनि चित्र । | १. उदाहरण सहित मूर्त र अमूर्त सम्पदालाई फरक देखाउनुहोस् । | ५ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | नभएसम्म गरिने विभिन्न प्रक्रियाहरू सबै अमूर्त सांस्कृतिक सम्पदा हुन् भने बनिसकेको मन्दिर मूर्त सांस्कृतिक सम्पदा हुन् । | | | |
| | ३. अमूर्त सांस्कृतिक सम्पदा सम्बन्धमा युनेस्कोले दिइएका केही उदाहरणहरू बताउन । | (क) युनेस्कोका अमूर्त सम्पदाप्रतिको धारणा बुझ्न सहयोगको लागि | १. अन्तर्राष्ट्रिय संस्था युनेस्कोले कुन कुन क्षेत्रहरूमा ध्यान दिने गरेको छ ? यस प्रश्नमा छलफल गर्नुहोस् । आफ्नो भनाइ राखिदिनुहोस् : "विश्वमा सम्पदा संरक्षण र विकासमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको संस्था यूनेस्को हो :<br>– अमूर्त सांस्कृतिक सम्पदा सम्बन्धी यूनेस्कोले दिइएका केही उदाहरणहरू :<br>(क) मौखिक परम्परा – गीत, दाफाभजन, स्तोत्रपाठ, लोकधुन, मन्त्र ध्वनि, लोक कथा, प्रवचन, साहित्य ।<br>(ख) प्रस्तुतिकला – परम्परागत सांस्कृतिक नाच, नाटक, बाजागाजा<br>(ग) सामाजिक अभ्यास – प्रचलित सामाजिक परम्परा, जीवनशैली,<br>(घ) अनुष्ठान – समाज र राष्ट्रको विकासप्रति नागरिकको हैसियतले पालना गर्नुपर्ने अधिकार र कर्तव्य आदि । | | २. युनेस्कोले दिएका अमूर्त सम्पदाको कुनै दुईओटा बुँदाहरू अन्तर्गतका अमूर्त सम्पदाका सूची तयार गर्न दिनुहोस् । | |

**सहायक सामग्री : खपको पहिचान भाग २, पृष्ठ १३८**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **७.**<br>(ख) दिगु पूजा (देवाली पूजा) | १. दिगु पूजा मनाउने तिथिमिति र महत्त्व बताउन । | (क) दिगु पूजा शब्दलाई बिगारी प्रयोगमा ल्याएको, कुल पूजा पारिवारिक मेलमिलाप पूजाको रूपमा लिएको । | १. प्रश्नहरू बोर्डमा लेखी छलफल गर्नुहोस् : "तपाईंहरूमध्ये कसले कसले दिगु पूजा (देवाली पूजा) मनाउनुहुन्छ ? किन मनाउनुहुन्छ ?<br>❏ छलफलपछि यी भनाइ राखिदिनुहोस् : 'दिगु पूजा' शब्दलाई बिगारी 'देपूजा', 'दिउ पूजा', 'दुगु पूजा' भन्ने गरेको छ । दिगु पूजाको अर्थ आफ्नो आफ्नो कुल धर्म, संस्कृति र परम्परालाई जीवन्त राख्न गरिने कुल पूजालाई 'दिगु पूजा' भनिन्छ ।<br>❏ यसलाई आफ्नो आफ्नो परिवारबीच मेलमिलाप र समझदारी कायम राख्न गरिने पूजाको रूपमा पनि लिएको छ ।<br>❏ वैशाख शुल्क पक्ष पारू अर्थात् पाटनमा श्री मत्स्येन्द्रनाथ रथारोहण गर्ने दिनबाट दिगु पूजा गर्ने दिन सुरु भई सिथि नखःसम्म भक्तपुरका नगरवासीले दिगुपूजा मनाउने गर्दछन् ।<br>❏ दिगुपूजा धेरैले मनाउने दिन भनेको अक्षय तृतीया र तःदिन हो र आइतबार र बिहिबारलाई दिगुपूजा गर्ने उपयुक्त बारको रूपमा मानेको छ । | दिगु पूजा गरिरहेको तस्वीर | १. यी तल दिइएका प्रश्नहरूको उत्तर परिवारसँग सोधेर लेखेर ल्याउनुहोस् :<br>(क) कुन दिन दिगु पूजा मनाउने ?<br>(ख) कुन देवी देवतालाई दिगु द्यः मान्ने गरेको ?<br>(ग) दिगु द्यः कुन ठाउँमा छ ? | ४ |
| | २. आफ्नो आफ्नो दिगुद्यः स्थापित स्थान र दिगु द्यः कुन रूपको (आकारको) बताउन । | (क) दिगु द्यः स्थापित स्थान, दिगु द्यः को स्वरूप | १. तपाईंको दिगुद्यः कुन ठाउँमा छ ? र दिगु द्यःको मूर्तिको आकार कस्तो छ ?<br>– उत्तर सुनिसकेपछि "पहिले पहिले मानिसहरूको बस्ती हालको सहरदेखि टाढा गाउँ गाउँतिर खेतीपाती गर्न सुविधाजनक ठाउँमा बसेको हुँदा दिगु द्यः को स्थापना पनि खुला चौरमा, जङ्गलतिर, पीठको आसपास, खोलानजिकै, पोखरीको किनारमा स्थापना गरेको देखिन्छ ।<br>– फरक फरक जातिले फरक फरक दिगु द्यः मान्ने हुँदा कसैले सूर्यविनायकलाई, कसैले कमलविनायकलाई, शाक्यहरूले जोगांवर देवतालाई दिगु द्यः मान्ने गरेको छ । | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | – धेरैजसोको दिगु द्यःको आकार स्पष्ट मूर्तिको आकारको देखिँदैन। कसैकसैको घर अगाडि राखेको क्षेत्रपालको आकारको छ। कसै कसैले नदी खोलामा पाइने राम्रो आकारको ढुङ्गलाई कतै दुईवटा, कतै तीनवटा, कतै पाँचवटा गाडेर राखेकोमा घरबाट ल्याएको किकंपा जडित देवतालाई त्यो स्थापित ढुङ्गामा अड्याई पूजा गरेको देखिन्छ। | | | |
| | ३. दिगु पूजाः भोजलाई 'स्यु काय भ्वय्' पनि भन्नुको अर्थ वर्णन गर्न। | (क) बोकाको हाँसको टाउकोलाई 'स्यु' शब्द प्रयोग गरेको, बोकाको टाउकोलाइ आठ स्यु भाग बनाउने चलन छ। | १. देवाली पूजाको भोजलाई 'स्यु काया भ्वय्' पनि किन भनिन्छ ? यस प्रश्नको उत्तर परिवारसँग सोधेर लेख्न गृहकार्य दिनुहोस्। लेखेर ल्याएको कक्षामा सुनाउनु लगाउनुहोस्। तपाईँले यी उत्तर दिनुहोस् : "कसै कसैले दिगु पूजामा बोका वा हाँस वा दुवै बली दिएको हुन्छ। भोज खाँदा बली दिइएको बोका वा हाँसको टाउकोलाई 'स्यु' मानी प्रसादको रूपमा दिन उमेर अनुसारको क्रममा बसाई स्यु दिने चलन हुँदा यस भोजलाई 'स्यु काया भ्वय्' भनिएको हो। बोकाको टाउकोलाई आठ भाग स्यु बनाई प्रयोग गरिन्छ। जस्तो कि<br>१. दायाँ र बायाँ सिङ (आँखा समेत पर्ने गरी) – २ भाग<br>२. दायाँ र बायाँ कान – २ भाग<br>३. नाक – १ भाग<br>४. जिब्रो – १ भाग<br>५. दायाँ र बायाँ बङ्गारा – २ भाग<br>– हाँस मात्र बली दिइएको भए – टाउको घरको मूलीलाई स्युको रूपमा दिइन्छ।<br>– कुनै कुनै समुदायले बोकाको पुच्छरलाई पनि स्यु मानी घरको नकींलाई दिने चलन छ।<br>– बौद्धमार्गीहरूले देवाली पूजामा पनि पशु बली दिने चलन छैन। | | २. 'स्यु' भनेको के हो ? कसलाई कसलाई प्रसादको रूपमा दिइन्छ ? | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | ४. दिगु द्यः हराउने र स्थानान्तरण गरिने सम्बन्धी प्रष्ट्याउन । | (क) सहरमा बस्ती सर्नेहरूले आफ्नो दिगु द्यःलाई पनि रमाइलो ठाउँमा सारेको । | १. नाम लिँदै कसै कसैसँग मात्र सोध्नुहोस्, "तपाईंको दिगु द्यः पहिलेदेखि त्यही ठाउँमा छ कि हाल अन्तै छ ? दिगु द्यः सारिसकेका कोही भए सार्नुको कारण सोध्नुहोस् । सारिने विभिन्न कारणहरू बुझाइदिनुहोस् : "धेरै जसोको दिगु द्यः सहर बाहिरतिर समुदाय अनुसार छरिएर रहेको देखिन्छ । अब आएर जग्गाको भाउ आकासिँदै जानु, बाटो, रिसोर्ट, ढल, कुलो, खेलमैदान, उद्योगधन्धा निर्माण हुँदै आउनु बसाइँसराइको क्रम बढ्नु आदि कारणले पनि दिगु द्यः हराउने पुरिने र सार्नुपर्ने स्थिति आएको बुझिन्छ । | | ३. दिगु द्यः कसरी हराउने गर्दछ ? | |

**सहायक सामग्री : ख्वपको पहिचान भाग २, पृष्ठ २५०**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **८. स्थानीय कला र सम्पदाहरू**<br>(क) स्थानीय मन्दिरहरू | स्थानीय मन्दिरहरू<br>– लक्ष्मीनरसिंह मन्दिर<br>– नृत्यवत्सला मन्दिर<br>– ताहा (फसी) देगः वा शिलु महाद्यः)<br>– वाकुपति नारायण<br>– थथु बही र<br>– कुथु बहिको परिचय दिई तिनका धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूबारे वर्णन गर्न । | – लक्ष्मीनरसिंह मन्दिर<br>– नृत्यवत्सला मन्दिर<br>– ताहा देगः (फसी देगः वा शिलु महाद्यः)<br>– वाकुपति नारायण<br>– दत्तात्रय मन्दिर<br>– थथु बही र<br>– कुथु बही | ❑ सर्वप्रथम शिक्षकले विद्यार्थीहरूलाई लक्ष्मीनरसिंह मन्दिर, नृत्यवत्सला मन्दिर, वाकुपति नारायण, ताहा देगः, थथु बही र कुथु बहीको बारेमा के थाहा छ ? बताउन लगाउने ।<br>❑ लक्ष्मीनरसिंह मन्दिर, नृत्यवत्सला मन्दिर, ताहा देगः वाकुपति नारायण, थथु बही र कुथु बहीका बारेमा घरपरिवारमा के थाहा छ ? सोधेर टिपोट गरी ल्याउन भन्ने ।<br>❑ ती मन्दिरहरू एवं बहिमा रहेका शिलालेखहरू लेखिएका तथ्यहरू टिपोट गर्न लगाउने वा त्यस मन्दिर एवं बहिसम्बन्धी ज्ञातासँग त्यसको ऐतिहासिक धार्मिक एवम् सामाजिक महत्त्वबारे जानकारी दिने ।<br>❑ ती मन्दिरहरू एवं बहिमा अवलोकन भ्रमण गराई छलफल गर्ने ।<br>❑ ती सम्पदाहरू कुन धर्मसँग सम्बन्धित छन् तिनीहरूको अवस्थाबारे प्रतिवेदन पेस गर्न लगाउने ।<br>❑ मन्दिर तथा बहिको परिचय तथा फोटो टाँसी फोटो एल्बम बनाउन दिने ।<br>❑ जस्तै : भ.न.पा. वडा नं. ४ गःहिटीमा अवस्थित लक्ष्मीनर सिंह मन्दिर विसं. १९९० को भूकम्पले भत्किएपछि एक तलाको बनाइएको थियो । यो मन्दिर १४ औँ शताब्दीका मल्ल राजा जयस्थिति मल्लको समयमा स्थापना गरिएको विश्वास गरिन्छ । मन्दिरभित्र १० वटा हातमा विभिन्न तान्त्रिक हतियारसहित बायाँ हातले लक्ष्मीलाई काखीमा च्यापेको करिब ३ फिटको  नरसिंहको मूर्ति छ । २०८२ साल जेष्ठ ६ गते यसलाई पहिलेकै अवस्थामा पुनर्निमाण गरी उद्घाटन गरिएको छ ।<br>❑ **नृत्यवत्सलाको मन्दिर** भक्तपुर दरबारक्षेत्र लायकुमा अवस्थित छ । २०७२ सालको महाभूकम्पले यो मन्दिर पूर्ण रूपमा क्षति पुगेको थियो । ढुङ्गैढुङ्गाको शिखर शैलीको यो मन्दिरलाई | – मन्दिर एवं बही को चित्र, शिलालेखकोफोटो, मन्दिरभित्रको देवताको फोटो<br><br>किंवदन्तीहरूबारे लेखिएका टिपोटहरू | छलफलमा स्पष्ट प्रस्तुति,<br><br>प्रश्नउत्तर<br><br>प्रतिवेदन प्रस्तुति | ३ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | पहिलेकै जस्ते पुनर्निमाण गरिएको छ । अष्टभुजाकार शैलीमा पाटनको कृष्ण मन्दिरजस्तै आकारमा बनाइएको यो मन्दिरभित्र ढुङ्गाकै पूर्ण कलश र खड्ग मूर्ति रहका छन् । मन्दिरसँगै जोडिएको पहिलो खुड्किलामा रहेको घण्टलाई खिचाखो गां (कुकुर रुने घण्टख) भनिन्छ । लोकोक्तिअनुसार राजा भूपतीन्द्र मल्लले नराम्रो सपना देखेकाले उक्त सपना छल्नका लागि यो घण्ट बनाउन लगाएका थिए ।<br>❑ **वाकुपति नारायण मन्दिर** भक्तपुर नगरपालिका वडा नं. ९ मा अवस्थित छ । मन्दिरमा पाइएको ने.सं. ४७१, ५२८ र ८०३ को अभिलेखअनुसार वाकुपति नारायण तान्त्रिक बैष्णवी सम्प्रदायप्रति समर्पित देवस्थल मानिन्छ । वाकुपति नारायणका बारेमा एउटा घतलाग्दो लोककथन छ । उक्त लोककथा अनुसार राजा बलदेवसँधै चाँगुनारायणमा जान्थे र एकदिन सपनामा देखेबमोजिम धानको भारी बोकेर हिँड्दै गर्दा सेतो परेवा आई बसेको ठाउँमा जमिनमुनि खनेर हेर्दा नारायणको मूर्ति फेला परेछ । यसरी धानको भारी बोकेर हिँड्दा उत्पति भएकोले वाकुपति नारायण भनिएको हो । नेवारी भाषामा वाकु को अर्थ धानको भारी हो ।<br>❑ **ताहा देग (फसी देगः वा शिलु महाद्यः) :** भक्तपुर नगरपालिका वडा नं. ३ दरबार क्षेत्रमा ताहा देगः मन्दिर पर्दछ । गोसाईकुण्डसम्म जान नसक्ने भक्तजनका लागि यो महादेवको मन्दिर स्थापना गरिएको हो । पाँच विशाल पेटीमाथि स्थापित यो महादेव मन्दिरको निर्माण जितामित्र मल्ले गर्न लगाएका थिए । मन्दिर शिखर शैलीको लामो परेको हुनाले ताहा देगः नामले पनि चिनिन्छ । वि.सं. १९९० को भूकम्पपछि फर्सी आकारको बनाइँदा झट्ट हेर्दा फर्सी जस्तो आकार भएपछि स्थानीय बासिन्दाबीच फसि देगःले पनि चिनिन पुगेको थियो । २०७२ बैशाख १२ गतेको भूकम्पले ढलेपछि यो मन्दिर १९९० भन्दा अगाडिकै शैलीमा पुनः निर्माण भएको छ । | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | ❑ **थथु बही (जयकीर्ति बिहार) :** भक्तपुर नगरको नः पुखुको पश्चिमतर्फ थथुबही अर्थात् जयकीर्ति बिहार अवस्थित छ । चारैतिर दुईतले भवन र बीचमा चोक रहेको यो बही माथिपट्टि रहेको हुँदा यसको नाम थथुबही रहन गएको हो । यहाँभित्र विभिन्न स्तुपा, चैत्य रहेका छन् । भक्तपुरको पाँचमध्ये एक दीपङ्कर बुद्धको भव्य मूर्ति रहेको यस बिहारमा प्रत्येक वर्ष माघ १ गते सम्यक दान गर्ने परम्परा चल्दै आएको छ ।<br>❑ **कुथु बही (बौद्ध समकृत बिहार) :** यो विहार भक्तपुर नगरपालिका वडा नं. १ को मिनिबस पार्कमा अवस्थित छ । बौद्ध शिक्षाको लागि प्रसिद्ध यस विहारमा भक्तपुरका पाँच मध्ये एक दीपङ्कर बुद्धको भव्य मूर्ति रहेको छ । यसको जात्रा हरेक वर्ष पञ्चदान र माघ १ गते हुन्छ । | | | |
| **८.**<br>(ख) स्थानीय पोखरीहरू (पुखु) | न्हु पुखु (रानी पुखु) र भाज्या पुखु (भाजु पुखु) को धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूबारे वर्णन गर्न । | – न्हु पुखु (रानी पुखु) र भाज्या पुखु (भाजु पुखु) | ❑ विद्यार्थीहरूलाई रानी पुखु, भाजु पुखुबारे के थाहा छ ? भनी प्रश्न गर्ने ।<br>❑ रानी पुखु, भाजु पुखुको धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूबारे वर्णन गर्न । जस्तै :<br>❑ **रानी पुखु :** भक्तपुर नगरको पश्चिम, वडा नं. १ को सल्लाघारी वनभित्र रानी पुखु (न्हु पुखु) रहेको छ । राजा जगज्योतिर मल्लले ने.सं. ७५१ मा बनाउन लगाएको यो पोखरी रानी जस्तै चिटिक्क परेकोले रानी पोखरी भनियो । यो पोखरीको सौन्दर्यबाट डाहा भई नेपाल संवत् ७७८ मा कान्तिपुरका राजा प्रताप मल्लले यहाँ आक्रमण गरी यहाँका बहुमूल्य कलाकृति लुटिलगेको इतिहासमा उल्लेख छ । लामो समयसम्म खण्डहर बनेको यो पोखरी हाल भक्तपुर न.पा.ले पुनः निर्माण गरेको छ । (विस्तृत विवरण भक्तपुर मासिक अङ्क २३९) | पोखरीका चित्रहरू | – छलफलमा सहभागिता<br>– प्रश्नउत्तर र प्रतिवेदन प्रस्तुति | ३ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | ❑ **भाजु पुखु :** भक्तपुर नपा वडा नं. १ इनागःमा रहेको भाजु कसः नामक एक व्यक्तिले बनाउन लगाएको यो पोखरी 'भाजुया पुखु' हुँदै 'भाज्या पुखु' बनेको हो अचेल भाजु पुखु नामले बढी प्रख्यात छ । पोखरीको बीचमा जलेश्वर महादेवको मन्दिर भएको अति आकर्षक यो पोखरी भक्तपुर नगरपालिकाले पुनः पुरानै स्वरूपमा पुनः निर्माण गरेको छ । (विस्तृत जानकारी भक्तपुर मासिक अङ्क २५६)<br>❑ ती पोखरीहरूको निर्माण तथा किंवदन्तीबारे आफ्ना अभिभावक, टोलका जानकार व्यक्तिहरूसँग भेटघाट र छलफल गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>❑ ती पोखरीहरूको उपयोगिताको बारेमा समूह कार्य गर्न लगाउने र पोखरी सुधार, संरक्षण तथा सम्बर्द्धनबारे छलफल गर्ने ।<br>❑ रानी पुखु, भाजु पुखु अवलोकन भ्रमण गराई कुनै एकको प्रतिवेदन प्रस्तुत गर्न लगाउने । | | | |
| ८. (ग) ख्वप नगरका ध्वाकाहरू (ढोकाहरू) | १. ख्वप नगरका ध्वाकाहरूको परिचय तथा ऐतिहासिक पक्षबारे बताउन । | ख्वप नगरका ध्वाकाहरू:<br>१) भार्वाचो ध्वाका<br>२) मङ्गलतीर्थ ध्वाका<br>३) व्यासी ध्वाका<br>४) च्याम्हासिंह ध्वाका,<br>५) माहेश्वरी ध्वाका<br>६) चनिगल ध्वाका<br>७) सुगल ध्वाका<br>८) माकचो ध्वाका<br>९) इन्द्रायणी ध्वाका<br>१०) खौमा ध्वाका<br>११) लायकु ध्वाका | ❑ ख्वप नगरका ध्वाकाहरूबारे क-कसलाई केके थाहा छ ? भनी कक्षामा सोध्ने ।<br>❑ ख्वप नगरका ध्वाकाहरू रहेको स्थान तथा त्यसको ऐतिहासिक महत्त्वबारे छलफल गर्ने ।<br>❑ ख्वप नगरका ध्वाकाहरू अवलोकन गराई प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।<br>❑ ती ध्वाकाहरूको हालको स्थिति कस्तो छ वर्णन गर्न लगाउने । | ख्वप नगरका ध्वाकाहरूको चित्र | – छलफलमा सहभागिता र प्रस्तुति | २ |

## कक्षा : ८

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | १२) लुँ ध्वाका<br>१३) महाकाली ध्वाका<br>१४) मूलाँ ध्वाका | | | | |
| ८.<br>(घ) स्थानीय चित्रकला | १. चोथा (गणेश चतुर्थी)को चित्र कोर्न<br>२. किजापूजा (भाइटीका)को चित्र कोर्न | चोथा गणेश तथा किजापूजाको चित्र | ❑ सांस्कृतिक/ धार्मिक चित्रहरू कहाँ–कहाँ कुन बेला आफूले देखेको हो समूह बनाई छलफल गर्न लगाउने ।<br>❑ चोथा गणेश तथा किजापूजाको चित्र देखाई यसको धार्मिक तथा सांस्कृतिक महत्त्वबारे छलफल गर्ने ।<br>❑ सम्भव भए ती चित्रहरू बनाउँदै गरेको ठाउँमा अवलोकन गराई प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।<br>❑ ती चित्रहरू समूह–समूह बनाई कोर्न लगाउने ।<br>❑ विद्यार्थीहरूले बनाएका चित्रहरू प्रदर्शन पाटीमा टाँसी प्रोत्साहन गर्ने । | चोथा गणेश तथा किजापूजाको चित्रको<br>वास्तविक चित्रहरू | – छलफल र अवलोकनमा सहभागिता,<br>– प्रतिवेदनको प्रस्तुतिबारे मूल्याङ्कन | २ |
| (ङ) स्थानीय मूर्तिकला | – राष्ट्रिय कला सङ्ग्रहालय, काष्ठ कला, धातु कलामा भएका मूर्तिहरूको अवस्था बताउन ।<br>– तिनीहरूको ऐतिहासिक महत्त्व प्रष्ट पार्न । | राष्ट्रिय कला सङ्ग्रहालय, काष्ठ कला, धातु कलामा भएका ढुङ्गाका मूर्ति,धातुका मूर्ति र काठका मूर्तिहरू | ❑ राष्ट्रिय कला सङ्ग्रहालय, काष्ठ कला, धातु कलामा भ्रमण गरी त्यहाँ भएका ढुङ्गाका मूर्ति,धातुका मूर्ति र काठका मूर्तिहरू अवलोकन गर्न लगाउने र ती मूर्तिको परिचय तथा महत्त्व बताउने ।<br>❑ ती मूर्तिका कला पक्ष– केको मूर्ति, मूर्तिमा रहेका बुट्टाहरू र अहिलेको अवस्था) बारे अवलोकन गरी कक्षामा प्रस्तुत गर्न लगाउने र त्यसमा रहेका भावभङ्गीहरू बुझ्न शिक्षक विद्यार्थीहरूबीच छलफल गर्ने ।<br>❑ ती क्षेत्रभित्र रहेका ढुङ्गाका मूर्ति, धातुका मूर्ति र काठका मूर्तिहरू देखाई ती मूर्तिहरू केबाट बनेका, कुन देवताका तथा कहाँ अवस्थित छन् ? जस्ता कुराहरू समावेश गरी छोटो परिचय दिन लगाउने ।<br>❑ तिनीहरू किन निर्माण गरिए भन्नेबारे चर्चा गर्न लगाउने ।<br>❑ ढुङ्गाका मूर्ति, धातुका मूर्ति र काठका मूर्ति बनाउने स्थानहरूमा भ्रमण गरी मूर्ति बनाउने प्रक्रियाबारे सोधपुछ गर्न लगाउने । | ~~ढुङ्गा, काठ र~~ धातुका मूर्तिहरू भएको ब्रसर, फोटो र Visual file | छलफल र अवलोकनमा सहभागिता प्रस्तुति | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ८.<br>(च) स्थानीय गीत सङ्गीत | १. ख्वपमा विभिन्न अवसरमा गाइने परम्परागत गीत गाउन ।<br><br>२. ती गीतहरूको भाव बताउन । | **(क) होलीमा गाइने गीत**<br>अविरया होली तँचायाला ल्यासे अबिरं छंगु ख्वा हिसी दय्का बी<br><br>**(ख) सिनाज्यामा गाइने गीत :**<br>असारया सिनाज्या, भुलुभुलु ससिवाः सिरिसिरि फसंदाया, मन चंगाः<br><br>**(ग) बिस्का जात्रामा गाइने गीत (घातु म्ये)**<br>थ्वथें ज्यागुरसं गबलय सं दई मखुः राम हाः जी गन वने.....।<br><br>**(घ) शीतला माजुको गीत**<br>शीतला माजु स्वहने | ❑ तपाईंहरूलाई हाम्रो नेवारी समुदायमा विभिन्न अवसरमा गाइने गीतहरूमध्ये कुन कुन आउँछ ? भनी सोध्ने र आउने गीतहरू गाउन प्रोत्साहन गर्ने ।<br>❑ घरमा आफूभन्दा अग्रजसँग नेवारी परम्परागत गीत गाउन सिक्न प्रोत्साहन गर्ने ।<br>❑ नेवारी परम्परागत गीतहरूमध्ये होलीमा गाइने गीत, सिनाज्यामा गाइने गीत, बिस्का जात्रामा गाइने गीत र सीतला माजुको गीत शिक्षकले गाएर सुनाउने वा भिडियो रेकर्ड/अडियो रेकर्ड सुनाउने ।<br>❑ ती गीतहरू पालैपालो एवम् समूहमा गाउने अभ्यास गराउने ।<br>❑ ती गीतहरूको भावहरू शिक्षकले बताउने । | भिडियो रेकर्ड, अडियो रेकर्ड<br>अविरया होली तँचायाला ल्यासे अबिरं छंगु ख्वा हिसी दय्का बी<br><br>असारया सिनाज्या, भुलुभुलु ससिवाः सिरिसिरि फसंदाया, मन चंगाः<br><br>थ्वथें ज्यागुरसं गबलय सं दई मखुः राम हाः जी गन वने.....।<br><br>शीतला माजु स्वहने परजाया गथिन हवाल । | १. सिनाज्या गीतको भाव बिस्तार गर्नुहोस् ।<br><br>२. शीतला माजूको गीत कक्षामा गाएर सुनाउनुहोस् । | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ८.<br>(छ) स्थानीय नाचहरू | १. फाकंदली र गाइंचा प्याखंको परिचय दिन ।<br><br>२. फाकंदली र गाइंचा प्याखं गाउन तथा नाच्न । | – फाकंदली र गाइंचा प्याखंको परिचय | ❑ फाकंदली र गाइंचा प्याखंको परिचय दिइ यो प्याखं क–कसले हेर्नुभएको छ ? यो कस्तो नाच हो ? यो कहिले देखाइन्छ ? यस नाचमा के–कस्तो व्यङ्ग्य एवं सन्देश पाइन्छ ? जस्ता प्रश्न सोधी छलफल गर्ने ।<br>❑ फाकंदली प्याखं नेवारी समुदायमा सापारुपछि कृष्णाष्टमीसम्म विशेष गरी ख्वपमा राजनैतिक, सामाजिक कुरीतिविरुद्ध व्यङ्ग्यस्वरूप बाजा बजाई एकै तालमा गाइने र नाच्ने नाच हो भनी बताउने ।<br>❑ गाइँचा प्याखंमा बाजा बजाइँदैन तर परम्परागत लय र तालमा गाइने र नाच्ने नाच हो । यसमा पनि राजनैतिक, सामाजिक तथा शिक्षामूलक गीतबाट समाजमा सकारात्मक परिवर्तनको लागि सहयोग गर्ने अपेक्षा राखिन्छ ।<br>❑ फाकंदली र गाइँचाको गीत शिक्षकले गाएर नाच्न पनि सिकाउने । शिक्षकलाई नआएमा भिडियो क्लिप्स् वा जान्नेसँग सिकी कक्षामा सिकाउने । | भिडियो क्लिप्स, गाइँचा तथा फाकंदलीको गीत भएको पुस्तिका | १. गाइँचा प्याखं भनेको के हो ? यो कहिले गाइन्छ ?<br><br>२. कुनै एउटा फाकंदलीको गीत गाउनुहोस् ।<br><br>३. गाइँचा प्याखं नाच नाचेर देखाउनुहोस् । | २ |
| (ज) स्थानीय बाजा | गुँला धलं ङक नौ बाजाको परिचय दिन | गुँला धलं ङक नौ बाजाको सामान्य परिचय | ❑ सर्बप्रथम ख्वपमा बजाइने बाजाहरुको बारे अघिल्लो कक्षामा पढेका बाजाहरुको सामान्य परिचय विद्यार्थीहरुलाई दिन लगाउने ।<br>❑ ती बाजाहरु कुन कुन अवसरहरुमा बजाइने हो स्पष्ट पार्न लगाउने ।<br>❑ गुँला धलं ङक नौ बाजाको बारेमा कसले सुनेको भए बताउन लगाउने । | गुँला धलं ङक नौ बाजा बजाइरहेको भिडियो वा फोटो | गुँला धलं ङक नौ बाजाको छोटो परिचय दिनुहोस् । | २ |

**सहायक सामग्री : ख्वपको पहिचान भाग २, पृष्ठ २५०**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | ❑ सन्दर्भ सामग्रीको सहायताले निम्न कुराहरु शिक्षकले स्पष्ट पार्ने जस्ते :<br>❑ ख्वपमा गुँला पर्वमा गुँलाथ्व पारुदेखि यलाँथ्व पारु एक महिनासम्म नेपाल मण्डलको भक्तपुर, थिमि र बनेपामा मात्र सिङ बाजा बजाई गुँला महिनाको समयमा गुँला धलं ङक नौ बाजा बजाई विभिन्न देवस्थल र तिर्थस्थल परिक्रमा गर्ने चलन छ। यो ङक बाजाको ध्वनि सिद्धार्थ गौतम बुद्धको धेरै प्रिय बाजाको रुपमा लिइन्छ ।गुँला धलं ङक नौ बाजामा सुरुदेखि अन्तसम्म म्वाहाली, प्वङा, बय्ःचा, चट्टी र सिङ बजाई शुर दिने गर्छ भने स्यिा, भुस्या, तः, बउँ बजाई ताल दिने गर्छ। त्यसपछि धाः बाजा सँगसँगै मुखबाट म्वाहाली फुकेर भुस्या बजाइन्छ भने पछिमा, ढोलक, नगराको साथसाथै मुखले म्वाहाली र चट्टी फुकेर तः, बउ, भुस्या र छुस्या बजाइन्छ। त्यस्तै क्वखिं र दमरु सँगसँगै बय्चाः फुकेर ताःबौ (झ्याली) बजाइने गर्छ। धिमाय् र नायखिंः सँगसँगै म्वाय्ली फुकेर सिस्या बजाइन्छ। ङक नौ बाजाको अन्तमा ढोलकबाट चवाँ भन्ने बोल बजाई सिस्या, ताः बजाई मुखबाट म्वाहाली फुकि विचविचमा चति र सिङ फुकेर बजाइन्छ। | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| (झ) ख्याल | १. ख्यालको परिचय दिन<br>२. ख्यालमा अभिनय गर्न | – ख्यालको परिचय | ❑ ख्यालबारे कक्षामा विभिन्न प्रश्न गरी छलफल गर्ने ।<br>❑ नृत्य, गीतभन्दा ख्याल किन सशक्त विधाको रूपमा लिइन्छ ? छलफल गर्ने ।<br>❑ ख्याल पनि एक नाटक जस्तै तर यसमा हास्य एवं विभिन्न राजनैतिक, सामाजिक कुरीतिविरुद्ध व्यङ्ग्य हुने कुरा बताउने ।<br>❑ ख्यालको एउटा स्क्रिप्ट तयार गरी कक्षामा भएका सबै विद्यार्थीहरूलाई भूमिका दिई ख्यालमा अभिनय गर्न प्रोत्साहन गर्ने । | – भिडियो क्लिप्स<br>– ख्यालको स्कृप्ट | १. ख्याल भनेको के हो ? | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **९. स्थानीय व्यवसाय, सीप र प्रविधि**<br>(क) तेल पेल्ने पेशा र परम्परागत चिउरा कुट्ने पेशा | १. ख्वप नगरभित्रका व्यक्तिले अपनाइरहेका तेल पेल्ने पेशाको बारेमा छोटो परिचय दिन ।<br>२. परम्परागत चिउरा कुट्ने पेशाको बारेमा छोटो परिचय दिन ।<br>३. ती पेशाहरूको फाइदा तथा यसको आधुनिकताबारे बताउन । | तेल पेल्ने पेशा र परम्परागत चिउरा कुट्ने पेशा | ❑ स्थानीय रूपमा उत्पादन हुने तेल पेल्ने पेशा र परम्परागत चिउरा कुट्ने पेशाको परिचय दिने ।<br>❑ **परम्परागत तेल पेल्ने तरिका** भनेको आधुनिक मेसिनको प्रयोग नगरी, प्राचीन समयदेखि नै प्रचलनमा रहेको विधि हो । यसमा काठको कोल (मोर्चा) र जनावर (सामान्यतया गोरु) को प्रयोग गरेर तेलहनबाट तेल निकालिन्छ । यसलाई कोलहु वा घानी तेल पेल्ने तरिका भनेर पनि चिनिन्छ । भक्तपुरमा परम्परागत तेल पेल्ने तरिकामा जनावरको प्रयोग गरिएको पाइँदैन । परम्परागत तेल पेल्ने तरिकामा सर्वप्रथम तेलहनका दानाहरूलाई राम्ररी सफा गरिन्छ । यसमा भएका ढुङ्गा, माटा वा अन्य फोहरहरू हटाइन्छ । तोरीको तेलको लागि तोरीलाई हल्का भुट्ने चलन छ । सफा गरिएका तेलहनका दानाहरूलाई कोलको गोलाकार खाडलभित्र राखिन्छ । कोलको वरिपरि गोलाकार घुमाइन्छ । तेलहनका दानाहरूलाई बिस्तारै थिच्दै र मसल्दै जान्छ । यसरी मुसले दानाहरूलाई थिच्दा, घर्षणका कारण तापक्रम उत्पन्न हुन्छ । यो तापक्रमले दानाभित्रको तेललाई बाहिर निकाल्न मद्दत गर्छ । | visual file | छलफल, अवलोकनमा सहभागिता, प्रतिवेदन र प्रश्नोत्तर | ४ |
| | | | ❑ **परम्परागत चिउरा कुट्ने तरिका :** परम्परागत चिउरा कुट्ने प्रक्रिया धेरै नै श्रम लाग्ने र जटिल हुन्छ । तर यसरी बनेको चिउराको स्वाद र पौष्टिक गुण आधुनिक मेसिनबाट बनेको भन्दा फरक र उत्कृष्ट मानिन्छ । नेपालमा विशेष गरी नेवार समुदायमा यो विधि अझै पनि केही हदसम्म प्रचलित छ । परम्परागत चिउरा कुट्ने विधिमा सर्वप्रथम धानलाई राम्ररी सफा गरी १२ देखि १४ घण्टासम्म भिजाइन्छ । भिजेको धानलाई पानीबाट निकालेर हाँडी (भाजँ) वा ठूलो कराई (खुँडा) मा राखेर भूसको आगोमा तताइन्छ । भुटेको | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | धानका दानाहरू फुट्न थालेपछि आगोबाट हटाएर थोरै चिस्याइन्छ । भुटेको र हल्का चिसो भएको धानलाई अब ओखलमा हाली एक वा दुई जना व्यक्तिले काठको लुसी (काठको मुसल)ले धानलाई लगातार कुट्छन् । धानलाई कुट्दा यसको बोक्रा (भुस) निस्कन्छ र दानाहरू चेप्टो आकारमा परिणत हुन्छन् जुन चिउरा हो ।<br>❑ तेल पेल्ने पेशा र परम्परागत चिउरा कुट्ने पेशाको महत्त्वबारे छलफल गर्ने ।<br>❑ तेल पेल्ने पेशा र परम्परागत चिउरा कुट्ने पेशाको आधुनिकता बारेमा शिक्षकले विस्तृत व्याख्या गर्ने । | | | |
| **९.** (ख) खेर गएका सामग्रीबाट उपयोगी सामग्री निर्माण (Best From Waste) | १. प्लास्टिकको झोला, प्लास्टिकको बोतल, कागज लगायत खेर गएका वस्तुबाट विभिन्न उपयोगी सामग्रीहरू निर्माण गर्न । | प्लास्टिकको झोला, बोतल, कागज, बाकस, बिर्को, चकलेट तथा चाउचाउका खोल, छ्वाली, चुराका टुक्राहरू | ❑ खेर गएका वस्तुबाट के के निर्माण गरेको छ भनी विद्यार्थीहरूसँग सोध्ने ?<br>❑ खेर जाने वस्तुबाट विभिन्न उपयोगी सामग्री निर्माण गर्ने कलाको बारेमा विभिन्न भिडियो क्लिप्स देखाउँदै सिकाउने ।<br>❑ विद्यार्थीहरूले बनाएका सामग्रीहरू सबैले देख्ने ठाउँमा राखेर अरू विद्यार्थीहरूलाई पनि बनाउन प्रोत्साहन गर्ने । | भिडियो क्लिप्स | अवलोकन | ४ |
| (ग) कोँ | कोँ बनाउन तथा प्रयोग गर्न । | कोँ बनाउने सामग्रीहरू जस्तै : पीना,गेडागुडीको पीठो आदि । | ❑ कोँ भनेको के हो ? भनी प्रश्न गर्ने ।<br>❑ कोँ क–कसको घरमा छ ? कोलं कसरी बनाइन्छ ? कोलं विशेष गरी कहिले लगाइन्छ ? भनी प्रश्न गर्ने ।<br>❑ कोँ बनाउने तरिकाबारे कक्षामा छलफल गर्ने ।<br>❑ कोँ बनाउने सामग्रीहरू कक्षा विद्यार्थीहरूलाई देखाई विद्यार्थीहरूलाई बनाउन लगाउने ।<br>❑ कोँ बनाइसकेपछि प्रयोग गर्ने तरिका सिकाई प्रयोग गर्न सिकाउने । | पीना, गेडागुडीको पीठो । | अवलोकन | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **९.** (घ) लोप हुन लागेको स्थानीय वेशभूषाहरू | हाकुपटासी र नं सुरुवको परिचय, महत्त्व तथा निर्माण प्रक्रिया बताउन । | परम्परागत हाकुपटासी र नं सुरुव | ❏ लोप हुन लागेको स्थानीय वेशभूषाहरूको सूची तयार गर्न लगाउने ।<br>❏ परम्परागत हाकुपटासी र नं सुरुवको परिचय, यसको महत्त्व, प्रयोग, मौलिकता आदिबारे कक्षामा छलफल गर्ने ।<br>❏ परम्परागत हाकुपटासी र नं सुरुव निर्माण गर्ने ठाउँमा अथवा परम्परागत हाकुपटासी र नं सुरुव निर्माण गर्ने सूचीकारलाई कक्षामा बोलाइ यसको निर्माण प्रक्रिया बताउन लगाउने र निर्माण प्रक्रियाको प्रतिवेदन तयार गर्न लगाउने ।<br>❏ विद्यार्थीलाई परम्परागत हाकुपटासी र नं सुरुवको नमुना निर्माण गर्न लगाई उनीहरूले बनाएको सबैले देखिने ठाउँमा प्रदर्शन गर्ने ।<br>❏ सम्भव भए उत्कृष्ट नमुनालाई पुरस्कृत गर्ने । | परम्परागत हाकुपटासी र नं सुरुवको वास्तविक पोशाक | सामग्रीको अवलोकन, प्रस्तुति र प्रतिवेदनको आधारमा मूल्याङ्कन गर्ने । | २ |
| (ङ) परालका सामग्रीहरू | परालबाट विभिन्न सामग्रीहरू बनाउन । जस्तैः भ्वय् सुकु,, सुकु, गोसुकु, लकां, ताहासांको सिङ, खिपः लु आदि । | भ्वय् सुकु, सुकु, गोसुकु, लकां, ताहासांको सिङ, खिपः लु | ❏ परालबाट बनेको सामग्रीहरू तपाईंहरूको घरमा के के छन् ? भनी कक्षामा सबैलाई प्रश्न गर्ने ।<br>❏ विद्यार्थीहरूले भनेका सामग्रीहरूको नाम कालोपाटी/सेतोपाटीमा टिप्ने ।<br>❏ भ्वय् सुकु, सुकु, गोसुकु, लकां, ताहासांको सिङ, खिपः लु आदि बनाउने प्रक्रियाबारे कक्षामा छलफल गर्ने ।<br>❏ घरमा तथा छिमेकमा कसैलाई भ्वय् सुकु, सुकु, गोसुकु, लकां, ताहासांको सिङ, खिपः लु बनाउन आउँछ भने सिकेर आउन प्रेरित गर्ने ।<br>❏ भ्वय् सुकु, सुकु, गोसुकु, लकां, ताहासांको सिङ, खिपः लु बनाउने स्थानमा लगेर वा ती सामग्री बनाउन आउने व्यक्तिलाई कक्षामा बोलाएर सामग्री निर्माण गर्ने प्रक्रिया बताउने ।<br>❏ प्रत्येक विद्यार्थीलाई भ्वय् सुकु, सुकु, गोसुकु, लकां, ताहासांको सिङ, खिपः लु आदि बनाउन लगाई उनीहरूले बनाएका सामग्रीहरू प्रदर्शन गर्ने । | भ्वय् सुकु, सुकु, गोसुकु, लकां, ताहासांको सिङ, खिपः लु | अवलोकन | ४ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ९. (च) बुनाइ | कुरुशको सहायताले रुमालमा बुट्टा भर्न । | कुरुशबाट बनाइएको रुमाल, | ❏ विद्यार्थीहरूसँग तपाईंहरू घरमा के के लुगा लगाउनुहुन्छ ? भनी प्रश्न गर्ने ।<br>❏ कुरुशबाट रुमाल बुन्ने तरिका सिकाउने ।<br>❏ विद्यार्थीहरूले बुनेको रुमालहरू सबैले देख्ने ठाउँमा प्रदर्शन गर्ने । | कुरुश, ऊन, धागो, भिडियो क्लिप्स् आदि । | अवलोकन | ३ |
| (छ) माटोबाट बन्ने सामग्री | १. माटोबाट घर, पेन्सिल होल्डर जस्ता सामग्री बनाउन । | माटोबाट बन्ने सामानहरू जस्तै : घर, पेन्सिल होल्डर, गाडी आदि । | ❏ माटोबाट विभिन्न सामग्रीहरूको निर्माण प्रक्रियाबारे छलफल गर्ने ।<br>❏ विद्यार्थीहरूलाई माटो उपलब्ध गराई माटोबाट घर, पेन्सिल होल्डर, गाडी आदि बनाउन प्ररित गर्ने ।<br>❏ माटोको सामग्री बनाउने स्थानमा भ्रमण गराई यसको निर्माण प्रक्रियाबारे प्रस्तुत गर्न लगाउने । | माटाको गमला र visual footage | प्रस्तुतिकरण तथा निर्माण गरेको सामग्रीको आधारमा मूल्याङ्कन गर्ने । | ४ |
| | २. सेरामिक्सका सामान बनाउने तरीका बताउन । | सेरामिक्सका सामानहरु | ❏ सेरामिक्सका सामान बनाउने प्रक्रिया शिक्षकले बताई विद्यार्थीहरूलाई टिपोट गर्न लगाउने वा सेरामिक्स निर्माण प्रक्रिया उल्लेख भएको भिडियो क्लिप्स देखाउने वा सेरामिक्स सम्बन्धी जानकार व्यक्तिलाई कक्षामा बोलाई यसको निर्माणमा प्रक्रिया बताउन लगाउने ।<br>❏ विद्यार्थीले बनाएका सामग्रीहरूमा रङ्ग भरी प्रदर्शन गर्ने । | फोटो भिडियो | सेरामिक्सका सामान कसरी बनाइन्छ ? | |
| (ज) नेवारी खाद्य परिकार | १. गुन्द्रुको अचार बनाउन<br>२. फिङा अचारहरू बनाउन ।<br>जस्तैः सारां, लैं, कागती, तुसी, मी | गुन्द्रु, फिङा अचारहरू जस्तै : सारां, लै अचार, कागती अचार, तुसी अचार, मी अचार, आँ अचार, | ❏ तपाईंहरूमध्ये क–कसको घरमा फिङा अचार बनाएको छ ? के के वस्तुको फिङा अचार बनाउन सकिन्छ ? गुन्द्रुको अचार खानुभएको छ ? जस्ता विभिन्न प्रश्न गरेर कक्षामा छलफल गर्ने ।<br>❏ सबै विद्यार्थीहरूको सहभागितामा विद्यालयमा नै फिङा अचार र गुन्द्रु बनाउन लगाउने ।<br>❏ विद्यार्थीले बनाएको फिङा अचार र गुन्द्रु आदि अवलोकन गर्ने, नमिलेको ठाउँमा शिक्षकले बनाउन सहयोग गर्ने । | गुन्द्रु तथा फिङा अचार बनाउने सामग्रीहरू जस्तै : साग । | अवलोकन | ३ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | **३.** थ्वँ र ह्यँ थ्वँ निर्माण प्रक्रिया बताउन । यसको फाइदा तथा प्रयोगहरू बताउन । | थ्वँ र ह्यँ थ्वँ निर्माण प्रक्रिया | ❑ कक्षामा विद्यार्थीहरूलाई थ्वँ र ह्यँ थ्वँ नेवारी परम्परागत भोजमा खुवाउने मादक पदार्थ भए पनि यसको राम्रो पक्ष र नराम्रो पक्षको बारे छलफल गर्ने ।<br>❑ थ्वँ र ह्यँ थ्वँ निर्माण गर्न आवश्यक सामग्रीहरू जस्तै : हाकु जाकी, मनापु, हाकु जाकीको चिउरा, माटोको फोसी आदिको बारे बताउने ।<br>❑ थ्वँ र ह्यँ थ्वँ निर्माण गर्ने प्रक्रिया बताउने । | थ्वँ र ह्यँ थ्वँ बनाउन चाहिने सामग्रीहरू तथा भिडियो क्लिप्स् । | **१.** थ्वँ र ह्यँ थ्वँ कसरी बनाइन्छ ? | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **१०. स्थानीय उपचार विधि (प्रवर्द्धन विधि)**<br>(क) स्थानीय कीटनाशक औषधि | १. परम्परागत स्थानीय कीटनाशक औषधिको रूपमा प्रयोग हुने जडीबुटीको नाम बताउन । | – परम्परागत स्थानीय कीटनाशक औषधिको रूपमा प्रयोग हुने जडीबुटीहरू जस्तै, खरानी, गोबर पानी, नीम पानी | ❑ हाल खेतका बालीहरूमा किराबाट जोगाउन किसानले प्रयोग गरिने कीटनाशक औषधिहरूबारेमा सर्वप्रथम कक्षामा छलफल गर्ने ।<br>❑ छलफल सँगसँगै हालको अवस्था जस्तो आधुनिक कीटनाशक औषधिहरू नभएको बेलामा किसानहरूले आफ्नो बाली जोगाउनको लागि कस्ता उपायहरू प्रयोग गरिन्छ भनी विद्यार्थीहरूसँग जानकारी भएमा उनीहरूसँग लिने, उनीहरूबाट प्राप्त नभएमा शिक्षकले जानकारी गरी दिने ।<br>❑ शिक्षकलाई पनि जानकारी नभएमा सोधखोज गरी विभिन्न परम्परागत कीटनाशक विधिहरू उल्लेख गर्ने जस्तै, (खरानी, गोबर, नीम आदि) र यसले कस्ता कस्ता कीराहरूबाट जोगाउँछ भनी स्पष्ट गरिदिने । | परम्परागत स्थानीय कीटनाशक औषधिहरू खरानी, नीम, गोबर | १. परम्परागत कीटनाशक औषधिको रूपमा प्रयोग हुने कुनै चार वटा जडीबुटीहरूको नाम बताउनुहोस् । | ५ |
| (ख) परम्परागत भोज | २. परम्परागत भोजको स्वस्थकर विधिहरू बताउन । | – परम्परागत भोजमा प्रयोग हुने परिकार र तिनीहरूको क्रमबद्धता तथा स्वस्थकर विधि | ❑ विद्यार्थीहरूलाई भोजको आयोजनाको कारण बारेमा स्पष्ट पारी हाल प्रचलनमा रहेको भोजका प्रकारहरू बारेमा उनीहरूसँग सोधेर छलफल गर्ने ।<br>❑ सकिन्छ भन्ने परम्परागत सुकुल भोज र बफे पार्टी भोज बिचमा वादविवाद प्रतियोगिता गर्न लगाउने ।<br>❑ अन्तमा बफे पार्टी भोजभन्दा परम्परागत सुकुल भोज शरीरको लागि राम्रो हुन्छ भनी निष्कर्षसहित व्याख्या गरी दिने ।<br>❑ परम्परागत सुकुल भोजमा परिकारहरूको क्रमबद्धता र ती परिकारहरूले शरीरलाई दिने पोषक तत्त्वबारे उल्लेख गर्ने ।<br>❑ सम्भव भएमा कुनै एक दिन कक्षाका सम्पूर्ण विद्यार्थीहरूका लागि परम्परागत सुकुल भोजको आयोजना गर्ने । | परम्परागत सुकुल भोज र बफे पार्टी भोजको भिडियो क्लिप | २. परम्परागत भोजले स्वास्थ्यलाई गर्ने फाइदाहरू उल्लेख गर्नुहोस् । | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| (ग) सुत्केरी स्याहार विधि | **३.** सुत्केरी स्याहार विधि उल्लेख गर्न । | – सुत्केरी समयमा प्रयोग गरिने स्याहार विधिहरू | ❑ सुत्केरीबारेमा स्पष्ट बताई यस बेलामा अरू समयमा भन्दा बढी हेरचाह तथा स्याहारसुसार चाहिनुको कारण विद्यार्थीहरूलाई बताउने ।<br>❑ यस समयमा शिशु र आमालाई विशेष प्रकारका स्याहार विधिहरू जस्तै : प्रशस्तै घाममा राख्ने, तेल घस्ने, शिशुलाई खान दिने, घौति चौति, आमालाई खुवाउने विशेष प्रकारले बनाएको चाकु, आदिबारेमा कक्षामा छलफल गर्ने ।<br>❑ विद्यार्थीहरूलाई घरमा आ–आफ्नो अभिभावकहरूसँग यसबारेमा सोधेर आउन लगाई कक्षामा प्रस्तुत गर्न लगाउने । | सुत्केरी समयमा प्रयोग गरिने विभिन्न सामग्रीहरू | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **११. स्थानीय खेल** | १. धुँ चोलेचा कासा (बाघ चाल) खेल खेल्ने विधि बताउन ।<br>२. देगः कासा कासा (गेमबल खेल) खेल्न । | – धुँ चोलेचा कासा (बाघ चाल)<br><br>देगः कासा कासा (गेमबल खेल) | ❑ सर्वप्रथम विद्यार्थीहरूसित स्थानीय पुराना खेलहरू बारेमा छलफल गर्ने ।<br>❑ धुँ चोलेचा (बाघ चाल) को लागि आवश्यक बोर्ड तयार गरी नियमअनुसार खेलाउने ।<br>❑ चौरमा लगि विद्यार्थीहरूलाई समूहमा छुट्याई देगः कासा (गेमबल खेल) खेलाउने ।<br>❑ चौरमा निश्चित सीमा तोकी विद्यार्थीहरुलाई दुई समूहमा विभाजन गर्ने ।<br>❑ एउटा समूहलाई देगः (इँटाको चाङ) मिलाउन लगाउने र अर्को समूहलाई बलले हिर्काउन लगाउने ।<br>– जुन समूहले कम समयमा देगः (इँटाको चाङ) मिलाउन सक्छ, उक्त समूहलाई विजेता घोषणा गर्ने ।<br>❑ खेल खेलाउनुअघि खेल खेल्ने नियम राम्ररी बुझाउने ।<br>❑ खेललाई बढी उद्देश्यमूलक र मनोरञ्जनात्मक बनाउन प्रयास गर्ने ।<br>❑ विद्यार्थीहरूले क–कस्ले राम्रो खेले नखेलेको रेकर्ड राख्ने ।<br>❑ घरमा आफ्नो अभिभावकसँग पुराना खेल के के छन् र कसरी खेल्न सकिन्छ ? सोधेर आउन भन्ने । | – धुँ चोलेचा (बाघ चाल) को लागि आवश्यक बोर्ड र दुई प्रकारका गोटीहरू (चार वटा बाघ र २३ वटा बाख्राहरू)<br><br>– देगः कासा कासा (गेमबल खेल) को लागि बल, इँटाका टुक्रा तथा चुन | खेल खेलाएर अवलोकन गर्ने | ८ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **१२. स्थानीय पर्यटन** | १. पर्यटकसँग सम्बन्धित उद्योगहरूबारे बताउन । | (क) पर्यटकसँग सम्बन्धित उद्योगहरू जस्तै, होम स्टे, होटल, रेष्टुरा, उपहारको पसल, हस्तकला, गाईड,आदि | ❑ विद्यार्थीहरूसित पर्यटकसँग सम्बन्धित विभिन्न उद्योगहरूबारे सोधी उनीहरूबाट आएका नामहरू सेतोपाटीमा टिप्दै जाने र नपुग भएमा शिक्षकले थपिदिने र त्यसबारेमा छलफल गर्ने ।<br>❑ त्यस्ता उद्योगहरू कहाँ छन् छलफल गर्ने र सम्भव भए त्यस्ता उद्योगमा भ्रमण गर्न लगाउने । | – पर्यटकसँग सम्बन्धित उद्योगहरूको फोटोहरू<br>– स्थानीय रूपमा उत्पादन भएको हस्तकलाका सामानहरू | १. पर्यटकसँग सम्बन्धित कुनै पाँचवटा उद्योगहरू बताउनुहोस् । | ३ |
| | २. पर्यटकीय शुल्क र यसको प्रयोगबारे व्याख्या गर्न । | (क) भ.न.पा. बाट पर्यटकसँग उठाएको पर्यटक सेवा शुल्क र यसको प्रयोग | ❑ विद्यार्थीहरू कहीँ घुम्न जाँदा शुल्क तिरेको छ, छैन सोधी त्यसप्रकारको शुल्क किन लिने गरेको र त्यसको प्रयोग कहाँ गरिन्छ आदिबारेमा छलफल गरी शिक्षकले स्पष्ट पारिदिने ।<br>❑ त्यसैगरी भक्तपुर नगरपालिकाले पनि प्रत्येक विदेशी पर्यटकसँग फरक दरमा शुल्क उठाउने गरेकोबारेमा बताउने ।<br>❑ सकिन्छ भने एक वर्षको जम्मा पर्यटकहरूसँग उठाएको शुल्कको तथ्याङ्क प्रस्तुत गर्ने ।<br>❑ यसरी उठाएको शुल्क नगरपालिकाले कहाँ कहाँ कसरी प्रयोग गरिएको छ खोजेर जानकारी गराउने । | – पर्यटकीय शुल्क र यसको प्रयोगको न.पा. को तथ्याङ्क<br>– चार्टहरू<br>– भिडियो क्लिप्स | २. पर्यटक सेवा शुल्कलाई कसरी प्रयोग गर्न सकिन्छ ? | २ |
| | ३. सम्पदा संरक्षण र सम्वर्द्धनबारेमा वर्णन गर्न । | (क) सम्पदा संरक्षण र सम्वर्द्धनका आधारहरू | ❑ विद्यार्थीहरूलाई आफ्नो क्षेत्रको सम्पदाहरूको बारेमा सोधी अवस्थाबारेमा छलफल गर्न लगाउने ।<br>❑ सम्पदाहरू जीर्ण भएमा त्यसको जीर्णोद्धार गर्ने निकायहरू बारेमा जानकारी गराउने र पर्यटकहरूसँग लिइएको शुल्क यस्ता सम्पदा जीर्णोद्धारमा पनि प्रयोग गरिने बताउने ।<br>❑ यस्ता सम्पदाको सम्वर्द्धन गर्नुपर्नाका कारणहरू छलफल गरी शिक्षकले निष्कर्ष निकालिदिने । | | ३. सम्पदा संरक्षण र सम्वर्द्धनको आवश्यकताका बारेमा वर्णन गर्नुहोस् । | |

स्थानीय पाठ्यक्रम – २०८२

## निरन्तर मूल्यांकन प्रणाली कक्षा – ८

## विद्यार्थी सिकाइ उपलब्धि मूल्यांकन अभिलेख पुस्तिका

१. आन्तरिक मूल्यांकन प्रक्रियाको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ स्तर सुधार गर्नु हो ।

२. प्रत्येक पाठको सिकाइ उपलब्धि प्राप्त गर्न विद्यार्थीहरुलाई पटक–पटक सिकाइ अवसर प्रदान गर्नुपर्दछ ।

३. सिकाइ उपलब्धि प्राप्तिको लागि कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, सिर्जनात्मक कार्य, गृहकार्य, परीक्षाहरु जस्ता मूल्यांकनका साधनहरुको प्रयोग गर्न सकिनेछ ।

४. आन्तरिक मूल्यांकनको प्रमाणिक मूल्यांकन गर्न अवलोकन, रुजुसूची र कार्यसञ्चयिकालाई समावेश गर्नुपर्नेछ ।

५. कक्षा ४ र ५ को लागि आन्तरिक मूल्यांकन ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नतिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी अन्तिम मूल्यांकन गर्नुपर्ने छ ।

६. आन्तरिक मूल्यांकनको सामान्य आधार निम्नानुसार हुनेछः

| क्र.सं. | मूल्यांकनका आधार | अंकभार |
|---|---|---|
| १. | कक्षा सहभागिता र सिकाइ सक्रियता | ४ |
| २. | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर | २० |
| ३. | प्रयोगात्मक कार्य, परियोजना कार्य वा अन्य क्रियाकलाप | १६ |
| ४. | एकाइ परीक्षा वा अन्य परीक्षा | १० |
| | जम्मा | ५० |

वार्षिक परीक्षा निम्नानुसार हुनेछ :

### विशिष्टिकरण तालिका

कक्षा : ८ पूर्णांक : ५०

विषय : स्थानीय पाठ्यक्रम समय : २ घण्टा

<table>
<tr><th rowspan="2">इकाइ</th><th rowspan="2">पाठ्यभार</th><th colspan="2">अति छोटो</th><th colspan="2">छोटो</th><th>लामो</th><th rowspan="2">जम्मा प्रश्न संख्या (Total Q)</th><th rowspan="2">जम्मा अंक भार (Weightage)</th></tr>
<tr><th>ज्ञान (K)</th><th>बोध (U)</th><th>बोध (U)</th><th>सीप (S)</th><th>उच्च दक्षता (HA)</th></tr>
<tr><td>१</td><td>७</td><td>१(१)</td><td></td><td rowspan="2">१(१)</td><td></td><td rowspan="2">१(५)</td><td rowspan="2">४</td><td rowspan="2">१०</td></tr>
<tr><td>२</td><td>८</td><td></td><td>१(३)</td><td></td></tr>
<tr><td>३</td><td>१०</td><td></td><td>१(१)</td><td></td><td></td><td>१(५)</td><td>२</td><td>६</td></tr>
<tr><td>४</td><td>१३</td><td>१(१)</td><td></td><td></td><td>१(३)</td><td></td><td>२</td><td>४</td></tr>
<tr><td>५</td><td>७</td><td></td><td></td><td>१(३)</td><td></td><td></td><td>१</td><td>३</td></tr>
<tr><td>६</td><td>१०</td><td>१(१)</td><td></td><td></td><td rowspan="2">१(३)</td><td rowspan="2">१(५)</td><td rowspan="2">४</td><td rowspan="2">१२</td></tr>
<tr><td>७</td><td>९</td><td></td><td>१(३)</td><td></td></tr>
<tr><td>८</td><td>२०</td><td>१(१)</td><td></td><td></td><td rowspan="2">१(३)</td><td rowspan="2">१(५)</td><td rowspan="2">४</td><td rowspan="2">१०</td></tr>
<tr><td>९</td><td>२६</td><td>१(१)</td><td></td><td></td></tr>
<tr><td>१०</td><td>५</td><td rowspan="3">१(१)</td><td></td><td rowspan="3">१(१)</td><td rowspan="3">१(३)</td><td></td><td rowspan="3">३</td><td rowspan="3">५</td></tr>
<tr><td>११</td><td>८</td><td></td><td></td></tr>
<tr><td>१२</td><td>५</td><td></td><td></td></tr>
<tr><td>जम्मा</td><td>१२८</td><td>६</td><td>७</td><td>५</td><td>१२</td><td>२०</td><td>२०</td><td>५०</td></tr>
</table>

| प्रश्नको किसिम | प्रश्न संख्या | अंक |
|---|---|---|
| लामो उत्तर आउने प्रश्न | ४ | ४ x ५ = २० |
| छोटो उत्तर आउने प्रश्न | ७ | ७ x ३ = २१ |
| अति छोटो उत्तर आउने प्रश्न | ९ | ९ x १ = ९ |
| जम्मा | २० | ५० |



नवदुर्गा गण



भक्तपुरको कुमारी देवी



रक्सी पार्ने सीप



नेवारी सुकुभ्वय्